राष्ट्रिय साप्ताहिक

# जनजिब्रो

Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञानवर्द्धक सामग्रीका लागि

newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– २७, अङ्क– ३१, फागुन २७ गते शुक्रबार, २०७८ (11 March, 2022) | www.janajibro.com | मूल्य रु. १०।-

# माओवादी केसमा एमसीसीको चर्को आलोचना

## एमसीसी अनुमोदनविरुद्ध तीन नेताको 'नोट अफ डिसेन्ट'

■ जनजिब्रो संवाददाता

**काठमाडौं ।** विगतदेखि नै विवादित र सर्वत्र आलोचित बनेको अमेरिकी स्वार्थप्रेरित एमसीसी संसदबाट अनुमोदनमा पार्टीले देखाएको व्यवहारप्रति नेकपा (माओवादी केन्द्र)को केन्द्रीय समितिको बैठकमा चर्को आलोचना भएको छ।

माओवादी केन्द्रका तीन नेताहरूले अमेरिकाको मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) सम्झौताबारे तल्लो कमिटी छलफल लैजानुपर्ने माग गर्दै 'नोट अफ डिसेन्ट' लेखेका छन्। कृष्णबहादुर महरा, देव गुरुङ र लिलामणि पोखरेलले गत शुक्रबार सुरु भएको केन्द्रीय समितिको बैठकमा लिखित प्रस्ताव राख्दै तल्लो तहसम्म छलफल लैजानु पर्ने माग गरेका हुन्।




तीनै नेताहरूको प्रस्तावमा व्याख्यात्मक घोषणाको प्रस्ताव पार्टी विधिअनुसार नआएको, एमसीसी राष्ट्रिय हितविपरीत भएको, इन्डो-प्यासिफिक स्ट्राटेजीको अंग भएको दाबी गरिएको छ। एक स्थायी कमिटीका एक सदस्यले भने- 'एमसीसी राष्ट्रहितअनुसार छैन। यस विषयमा तल्लो कमिटीतर्फ लगेर छलफल गर्नुपर्छ। पार्टी एकतालाई जोगाइ राख्नका लागि विषयमा सबै नेताहरूले ध्यान दिनुपर्छ।' यसअघि नै बैठकमा अध्यक्ष पुष्पकमल दाहाल र नेता नारायणकाजी श्रेष्ठले आ-आफ्ना धारणा राखेका थिए। दाहालले बाध्यात्मक अवस्थामा एमसीसी अनुमोदन गर्नु परेको बताएका थिए भने श्रेष्ठले एमसीसीमा आफ्नो फरकमत रहेको बताए।

एमसीसी सम्झौता पारित गर्न पार्टीले खेलेको भूमिकाको कडा आलोचना गर्दै नेता श्रेष्ठले आफूलगायतका नेताहरूले एमसीसीको विरोध गर्दा अध्यक्ष प्रचण्डले 'पार्टी छाडे हुन्छ' भन्नेसम्मको अभिव्यक्ति दिएको भन्दै असन्तुष्टि व्यक्त गरेको उनीनिकट एक नेताले बताए।

'एमसीसीको मुल उदेश्य नै अमेरिकाको सुरक्षालाई सुदृढ गर्न आफ्नो हतियार प्रयोग गरेर अमेरिकाको विचार, राजनीति आर्थिक सामाजिक

क्रमशः अन्तिम पृष्ठमा

# 'राजनीतिक परिवर्तनमा महिलाको भूमिका प्रशंसनीय'




**काठमाडौं ।** ११२औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसका अवसरमा आयोजित एक शुभकामना कार्यक्रममा नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले नेपालको परिवर्तनको आन्दोलनमा महिलाहरूले खेलेको भूमिकाको प्रशंशा गरेका छन्। अन्तराष्ट्रिय नारी दिवसका अवसरमा शुभकामना दिँदै अध्यक्ष प्रचण्डले यो दिन विश्वभरका महिलाहरूको मात्र नभई सिंगो मानव समुदायकै लागि एउटा ऐतिहासिक दिन भएको बताएका हुन्।

'मानव समुदायका सबै सामाजिक र राजनैतिक परिवर्तन र संघर्षमा महिला समुदायको सक्रिय सहभागिता र भूमिकाले नै विश्व सभ्यता यहाँसम्म आइपुगेको हो' अध्यक्ष दाहालले भने- 'नेपाली सामाजिक र राजनीतिक रूपान्तरणका लागि नेपाली महिलाहरूले युगौंदेखि त्याग, तपस्या र बलिदानका बेग्लै कीर्तिमान कायम गरेका छन्।'

तत्कालीन जनयुद्धका क्रममा महिलाले खेलेको बलिदानीपूर्ण संघर्ष, साहस र बलिदानी कीर्तिमान नेपालमा

क्रमशः अन्तिम पृष्ठमा

१२ औं सताब्दीमै बिलिन

# पूर्वीय भौतिक दर्शन : चार्वाक



समय-सन्देश

सिर्जना गौतम

### दर्शनशास्त्रको विकास

दर्शनशास्त्रको विकास मानिसले आफ्नो जाति र आफू बस्ने संसारलाई बुझ्ने प्रयासमा गरेको भन्न सकिन्छ तर, उही प्रक्रियामा पश्चिमी र पूर्वी दार्शनिकहरूले फरक प्रकारको प्रश्नको उत्तर खोज्न थाले र फरक दृष्टिकोण वा विचारधारा को उत्पति भयो। प्राचिन ग्रीक र युरोपमा प्रचलित दर्शनहरू तार्किक र व्यावहारिक जानकारीको प्रयोगद्वारा सत्य पत्ता लगाउन खोज्छन् भने चीन र भारतीय उपमहाद्वीपका दर्शनहरू जसलाई पूर्वी दर्शन भनिन्छ, उनीहरू जीवन जिउनुको सही तरिका र विश्वासको बारेमा बढी चर्चा गर्दै आइरहेका छन्।

भारतीय उपमहाद्वीपका ६ दर्शनहरूलाई हिन्दू दर्शन भानिन्छ; जसमध्ये केहीले वेदमा विश्वास गर्छन् त कसैले गर्दैनन्। बौद्ध र जैन दर्शन वेदको सत्यता र ईश्वरको अस्तित्वमा विश्वास गर्दैनन् तर उनीहरू भौत्तिक जीवनबाहेकको अस्तित्वमा, मृत्युपछिको जीवन र कर्मको फलमा भने विश्वास गर्छन्। चार्वाक दर्शन भारतीय दर्शनमध्ये मात्र एक हो जसले आध्यात्मिक अस्तित्वलाई पूर्ण रूपमा अस्वीकार गर्छ।

लगभग ईसा पूर्व ६०० तिर शुरूवात् भएको यस दर्शन १२औं शताब्दीसम्म चर्चित भए तापनि त्यसपछि कुनै निशान नछोडी हराएको देखिन्छ। चार्वाक दर्शनलाई लोकायत दर्शन पनि भनिन्छ र बृहस्पति सूत्रमा यसको विस्तृत वर्णन गरिएको मानिन्छ। हरेक दर्शनले केलाई ज्ञानको वैध स्रोत मान्ने भनेर उल्लेख गरेको हुन्छ। चार्वाक दर्शन अनुसार जे आँखाले देख्न सक्छ, कानले सुन्न सक्छ, नाकले सुँघ्न सक्छ, जिब्रोले स्वाद लिन सक्छ र शरीरले महसुस गर्न सक्छ, त्यसलाई मात्र ज्ञानको वैध स्रोत मान्दछ। जहाँ धुवाँ हुन्छ

क्रमशःदोस्रो पृष्ठमा

विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फइको मार्न तयार हुन्छन्। -लेनिन

जनजिब्रो साप्ताहिक
वर्ष- २७, अङ्क- ३१, फागुन २७ गते शुक्रबार, २०७८

## सम्पादकीय

# एमसीसी अनुमोदन : दलहरूभित्रकैको असहमति

अमेरिकी सहयोग नियोग मिलेनियम च्यालेन्ज कर्पोरेसनअन्तर्गतको मिलेनियम च्यालेन्ज नेपाल कम्प्याक्ट प्रतिनिधिसभाबाट अनुमोदन गरिएपछि सत्तापक्षीय र विपक्षी दलहरूभित्रै समेत तीव्र विरोध र असहमति देखा परेको छ। कांग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादी र जनता समाजवादी पार्टीजस्ता सत्तापक्षीय दलहरूभित्र स्पष्टतः दुई धार देखापरेको छ भने प्रतिपक्षी एमालेभित्रकै केही नेता र सांसद्हरूले समेत तीव्र असन्तुष्टि प्रकट गरेका छन्।

संसद्मा नरहेका सबै कम्युनिस्ट घटकहरू त तीव्र विरोधका साथ आन्दोलनरत छँदैछन्, संसद्भित्रैका राष्ट्रिय जनमोर्चा, नेमकिपा र राष्ट्रिय प्रजातन्त्र पार्टीजस्ता साना दलहरूले पनि एकमुष्ठ र एकढिक्का भएर विरोध जनाएका छन्। संसद्को सामान्य बहुमतले र त्यो पनि 'ध्वनिमत' कै भरमा पास हुने गरी चाँजोपाँजो मिलाइएको उक्त सम्झौता ज-जसले विरोध जनाए तापनि कांग्रेस, एमाले र माओवादी केन्द्रमध्येका कुनै दुई दलले समर्थन जनाउनासाथ स्वतः पारित भइहाल्ने अवस्था थियो। यो अवस्थामा जनाइएको असहमति त केवल आ-आफ्नो स्ट्याण्ड, दृष्टिकोण र मत सुरक्षित गर्ने वा पक्षधरता कायम राख्नेसम्मको महत्त्वमा मात्रै सीमित रहने अवस्था हो।

यो स्थितिमा एमसीसी पारित हुँदा माओवादी केन्द्रका वरिष्ठ नेताहरू कृष्णबहादुर महरा, देवप्रसाद गुरुङ र लीलामणि पोखरेलले पार्टी केन्द्रीय समितिको बैठकमा लिखितरूपमै असहमति दर्ज गरेका छन्। एकीकृत समाजवादीका सम्मानित नेता झलनाथ खनालले पनि पार्टीभित्र तीव्र असहमति राखिरहेका छन्। कम्तिमा आ-आफ्नो अभिमत सुरक्षित राखेरै भए पनि एमसीसीका विरुद्ध अभिमत प्रकट गर्ने नेताहरूप्रति आम जनता र राष्ट्रले कृतज्ञता प्रकट गरेका छन्।

## १२औं शताब्दीमै...

त्यहाँ आगो हुन्छ भन्नुलाई अनुमान भनिन्छ र चार्वाक बाहेक सबै हिन्दु दर्शनले यसलाई ज्ञान को श्रोतको रूपमा मान्दछन्। चार्वाक दर्शन अनुसार कुनै चिज प्रायः सँगै हुन्छन् भन्दैमा सधै सँगै हुन्छन् नै भन्न सकिन्न, कुनै पनि कुराको जतिसुकै उदाहरण देखे पनि त्यसलाई सर्वव्यापी नियम बनाउन असम्भव छ। जति नै पटक कालो काग देखे पनि सबै काग काल नै हुन्छन् भन्न सकिन्न। चार्वाक दर्शनका अनुयायीहरू जसलाई चार्वाक भनिन्छ। उनीहरू पुष्टि गर्न नसकिने कुनै पनि कुराको अस्तित्वलाई अस्वीकार गर्दछ। त्यसैले, तिनीहरू अलौकिक प्राणीहरू र आत्माहरूजस्ताका अस्तित्वलाई अस्वीकार गर्छन।

चार्वाक दर्शन प्रकृतिवादमा विश्वास गर्छ। जसका अनुसार प्रत्येक वस्तुको आ-आफ्नै अन्तर्निहित गुण हुन्छन्। जसअनुसार वस्तुहरू बन्छन्। यो गुणले परिभाषित गर्दछ कि तिनीहरू कस्ता देखिन्छन, कसरी कार्य गर्छन् र संयोजन हुन्छन्। उनीहरू अनुसार अकस्मात पदार्थहरू मिलेर संसार निर्माण भयो, जीवहरू बने र चेतना उनीहरूको निहित गुण हो। केवल संयोगबाट बनेको यो ब्रह्माण्ड र यसका प्राणी तथा वस्तुहरू पूर्णतया फरक रूपमा गठन पनि हुन सक्थ्यो।

अध्यात्मवादीहरू तर्क गर्छन् कि पदार्थ माटो जस्तै हो र हाम्रो चेतना एक कलाकारद्वारा बनाइएको भाँडा जस्तै हो। तर पृथ्वीमा कुनै पनि कलाकार वा वास्तुकारको आवश्यकता बिना सुन्दर संरचनाहरू बनेको पाइन्छ, जुन पूर्ण रूपमा अनियमित तरिकाले संयोगवश बने। यदि ईश्वरजस्तो सिद्ध कलाकारले यो संसार बनाएका भए फेरि सबै नै चिज सुन्दर हुनपर्ने तर छैन। त्यसैले हामी र हाम्रो ब्रह्माण्ड संयोगवस र आकस्मत बनेका हौं र यसको पछाडि कुनै कारण वा कर्ता/ईश्वर नहुने उनीहरूको तर्क छ। ईश्वर र मृत्युपछिको जीवनको अवधारणा डर र आशामा आधारित हुने र पुजारी अथवा उच्चसम्मानित व्यक्तिहरूले धार्मिक सम्प्रदाय स्थापना गर्न मानिसहरूको यो डरलाई शोषण गरेको उनीहरूको विश्वास छ।

चार्वाक दर्शन एक भौतिकवादी दर्शन हो तर यसो भन्नुको अर्थ भौतिक सम्पत्ति बटुल्नु र तत्काल भौतिक सुखको दौडमा जिउनु मात्र होइन। यसको सिद्धान्त जीवनको समग्र अनुभवलाई सुखद बनाउनु र दुःखबाट आफूमात्र टाढा नरही अरुलाई पनि दुःख नदिनु हो। आनन्दका स्रोत भएकाले चार्वाकहरूले संगीत र ललित कलाका क्षेत्रहरूमा आफूले योगदान दिए र मानिसहरूलाई पनि प्रोत्साहित गरे।

जैन र बौद्ध दार्शनिकहरूले चार्वाकहरूलाई स्पष्ट रूपमा विरोध गरेका थिए र तिनीहरूको आफ्नै शास्त्रहरूमा चार्वाक दर्शनले कुनै पनि नैतिक मुद्दाहरूलाई बेवास्ता गर्ने भनेर लेखेका थिए। चार्वाकहरू वैदिक रीतिरिवाज, वर्ग प्रणाली र धर्मकर्मको अवधारणाको विरुद्धमा भएकाले उनीहरूमाथि मानिसमा अतिभोग, तत्काल सन्तुष्टि र अराजकतालाई बढाउने प्रवृतिको भनेर आरोप लगाएका थिए र उनीहरूलाई वैदिक दार्शनिकहरूले तुच्छ ठान्थे।

वृहस्पति सूत्रलगायत अन्य चार्वाक दर्शनका मौलिक ग्रन्थहरू कुनै पनि बाँकि छैनन्। चार्वाक दर्शनका सन्दर्भहरू वैदिक र त्यस समयका अरु दार्शनिकहरूले आफ्ना साहित्यमा गरेका आलोचना मात्र हुन्। तिनीहरूले चार्वाक दर्शनलाई केवल एक नैतिकतालाई बेवास्ता गर्ने कट्टरपन्थी भौतिकवादि विचार भन्ने निष्कर्ष निकाले र तिनीहरूका कमजोर पक्षहरूमा जोड दिए। वैदिक अनुयायीहरूले नै चार्वाक ग्रन्थहरू नष्ट गरेका थिए भन्ने पनि मानिन्छ। १४ भन्दा बढी ग्रन्थहरूमा उदृत गरिएको 'जबसम्म तिमी बाँच्छौ खुशीसाथ बाँच्नु; मृत्युको दयारा भन्दा बाहिर केहि छैन'लाई बिगारी 'ऋणमा दौडिएर पनि घ्यू खानु, मृत्युपछि ऋण तिराउन कोहि आउँदैन' बनाइयो। यस्ता विकृत वाक्यहरू अधिक लोकप्रिय छन् जसले चार्वाक दर्शनले के भन्न खोजेको भन्ने चिजको गलत ब्याख्या गर्छ।

कर्म र धर्म नहुँदा समाज कसरी अराजकताबाट बच्न सक्छ भन्ने धेरैको प्रश्न हुनसक्छ तर चार्वाक दर्शनले कुनै व्यक्तिको एकल जीवन पिडा मुक्त बनाउन अरुलाई दुःख दिनु यदपि भन्दैन। अन्य प्राणीहरूको जीवनलाई दुःखी नबनाई र कसैलाई पनि हानि नगरी जीवनमा आनन्द प्राप्त गर्ने लक्ष्य राख्नु पर्छ भन्ने चार्वाक सिद्धान्तले सिकाउँछ।

चार्वाकले पनि जैन र बौद्धहरूले जस्तै युद्ध र पशुवलिलाई समर्थन गरेनन्। वास्तवमा, धेरै चार्वाकहरू शाकाहारी थिए भन्ने विश्वास गरिन्छ। तिनीहरूले जाति र भेदभावको अवधारणालाई पनि अस्वीकार गरे। अरूलाई हानि नगर्ने र आफ्नै जीवन पनि पीडा मुक्त र सुखी बनाउनु पर्छ भन्ने नै चार्वाक दर्शनको मुख्य विषय हो र त्यसअनुसार जसले पनि आफूलाई मनपर्ने काम गर्न सक्छ। चार्वाकहरूले तत्काल आनन्दक लागि गलत काम गर्नु र अतिभोगको वकालत गर्छन् भन्ने गलत बुझाई हो। किन भने यसको नतिजा अन्ततः पीडादायी नै हुन्छ।

चार्वाक दर्शनको समर्थन गर्ने धेरै विद्वानहरू मान्छन् कि यदि वैज्ञानिक आविष्कारहरू र गणितको आविष्कार त्यस समयमा भएको भए चार्वाक दर्शनले विज्ञानलाई पनि ज्ञानको वैध स्रोतको रूपमा स्वीकार गर्ने थियो। चार्वाक दर्शन आफ्नो समयभन्दा धेरै अगाडि थियो र यसको प्रारम्भिक चरणमै हराएर गयो।

चार्वाक दर्शन बाहेक भारतीय दर्शनका सबै शाखाहरूले आत्मा, कर्म र मुक्तिलाई मुख्य ठान्छन्। समान रूपमा नभए तापनि अलौकिक अस्तित्वलाई मान्दछन्। चार्वाक दर्शनले तत्कालीन अवस्थामा भारतीय दर्शनका अन्य धेरै सम्प्रदायहरूद्वारा प्रचारित अध्यात्मवादको पौराणिक फोकालाई भत्काउन सक्दो प्रयास गऱ्यो जसलाई तार्किक रूपमा गलत साबित गर्न सकिन्छ।

मुक्ति र स्वर्गको प्रतिज्ञा र मृत्यु पछिको सुन्दर जीवनको आकर्षक अवधारणाहरू सधैँ सामान्य मानिसहरूको आशा र डरमा आधारित हुन्छन्। जुन प्रायः समाजलाई व्यवस्थित रूपमा चलाउन र कहिले आफ्नै फाइदाको लागि निर्माण गरिएको हो भन्ने तर्क प्रस्तुत गर्न सकिन्छ।

हामीले जतिसुकै ज्ञान प्राप्त गरे पनि, वास्तविकता के हो र जीवनको कसरी सुरुवात भयो भनि कुनै पूर्वाग्रह बिना निचोडमा पुग्न सक्दैनौं। मानौं यो सत्य देख्न वा बुझ्न हाम्रा इन्द्रियहरू काफी छैनन्। चार्वाक दर्शनले हामीलाई आफ्नो वशमा भएका चिज बाहेक अरुको चिन्ता नलिन र हामीले भौतिक संसारका समेट्न सक्ने जति ज्ञानलाई प्रयोग गरी सुखी जीवन जिउन सिकाउँछ। हो, जीवनको कुनै अर्थ छैन। यो एक दुर्घटना थियो। र, वास्तवमा सबै कुरा दुर्घटना हुन् यसका बावजुद, चार्वाकहरूले सुख प्राप्ति र दुःखबाट बच्नलाई आफ्नो मुख्य मन्त्र बनाएर आफ्नो जीवन खुसी साथ बिताउन सुझाव दिन्छन्।

## नेकपा...

अलोकतान्त्रिक एवं प्रतिगामी कदम चाल्दै २०७८ जेठ ७ मा दोस्रो पटक प्रतिनिधि सभा विघटन गरे। हामीले उनको त्यस प्रतिगामी कदमका विरुद्ध सर्वोच्च अदालतमा रिट हाल्यौं र स्वयम उपस्थित भएर सनाखत समेत गऱ्यौं। सर्वोच्च अदालतबाट २०७८ असार २८ मा प्रतिनिधि सभाको दोस्रो पटक पुनर्स्थापना भएपछि प्रधानमन्त्री बनेका शेरबहादुर देउवालाई विश्वासको मत पनि दियौं। तर पनि हामी गठबन्धन र सरकारमा सामेल भएका थिएनौं। हामी नेकपा (एमाले) मा २०७५ जेठ २ पूर्वको अवस्था कायम भएमा त्यहीँ नै रहने पक्षमा थियो। तर ओली गुट नेकपा (एमाले)लाई विभाजन गरिछाड्ने पक्षमा उभिएकाले एकता जोगाउन सम्भव भएन। हामीले संघीय लोकतान्त्रिक गणतन्त्र र नेपाली कम्युनिस्ट आन्दोलनको रक्षा एवं विकासका निम्ति योगदान गर्न दक्षिणपन्थी अवसरवाद, विसर्जनवाद र व्यक्तिवादका विरुद्ध विद्रोह गरी अगाडि बढ्नुपर्ने आवश्यकता महसुस गयौं। निर्वाचन आयोगले हाम्रो पार्टी दर्ता भएपछि हामी विधिवत् रूपमा पाँच दलीय गठबन्धनमा सामेल भयौं र सरकारमा पनि समावेश भयौं। अहिले हामी संघीय सरकार र सातमध्ये छवटा प्रदेश सरकारमा सामेल छौं। प्रदेश एक र वागमति प्रदेशमा हामीले सरकारको नेतृत्व नै गरिरहेका छौं। सरकारमा रहेर देश र जनताको पक्षमा काम गर्ने प्रयास गरिरहेका छौं। तथापि अहिले संघीय तथा प्रदेश सरकारहरूबाट भएका कामले जनताको मन जित्न सकेका छैनन् भन्ने तथ्यलाई नजरन्दाज गर्न सकिँदैन। आगामी दिनमा अझ बढी जनपक्षीय काम गरेर जनताको मन जित्नु पर्दछ। हाम्रो पार्टीका नेताहरूले नेतृत्व गरेका प्रदेश सरकार र संघीय तथा प्रदेश मन्त्रालयहरूबाट भएका काम जनताको मन जित्ने खालका हुनै पर्दछ।

४. राष्ट्रिय सभाको निर्वाचनमा हामीले नेपाली कम्युनिस्ट आन्दोलनमा केपी ओलीको नेतृत्वमा अत्यन्त भद्दा रूपमा प्रकट भएको, दक्षिणपन्थी अवसरवाद, विसर्जनवाद र व्यक्तिवादका विरुद्ध विद्रोह गरी पार्टी पुनर्गठन अभियान सञ्चालन गरिरहेको र पाँच दलीय गठबन्धन एवं संघीय तथा प्रदेश सरकारहरूमा रहेर काम गरिरहेको अवस्थामा राष्ट्रिय सभाको चार वर्षीय कार्यकाल सकिएर रिक्त हुन गइरहेका उन्नाइस स्थानका लागि निर्वाचन भएको छ। त्यस निर्वाचनमा पाँच दलीय गठबन्धनले संयुक्त रूपमा उम्मेदवारी दिई उन्नाइसमध्ये अठार स्थानमा विजय हासिल गरेको छ। अठारमध्ये पाँच स्थान हाम्रो पार्टीले प्राप्त गरेको छ। राष्ट्रिय सभाको चार वर्षीय कार्यकाल सकिनेमा हाम्रो पार्टीका चारजना कमरेडहरू हुनुहुन्थ्यो। अहिले हामीलाई एक स्थान मत प्राप्त भएको छ। यो गठबन्धनमा रहेर निर्वाचनमा जाँदा भएको उपलब्धी हा। यस उपलब्धीलाई हाम्रो भावी राजनीति तथा देश र जनताको सेवामा उपयोग गर्नु पर्दछ।

५. एमसीसी र व्याख्यात्मक घोषणा मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) कम्प्याक्ट' एक अमेरिकी विकास परियोजना हो। नेपालमा यो परियोजना ल्याउने पहल सन् २०११ बाट सुरु भएको थियो र २०१७ सेप्टेम्बर १४ मा सम्झौतामा हस्ताक्षर गरिएको थियो। सुरुमा सम्झौता गर्दा यसलाई संसदबाट अनुमोदन गर्नुपर्ने प्रावधान राखिएको थिएन। केपी ओली नेतृत्वको सरकारका अर्थमन्त्री युवराज खतिवडाले २९ सेप्टेम्बर २०१९ मा कार्यक्रम कार्यान्वयन सम्झौता गर्दा यसलाई संसदबाट अनुमोदन गराउने प्रावधान थपेका थिए। ओली सरकारका परराष्ट्रमन्त्री प्रदिप ज्ञवाली सन् २०१८ को डिसेम्बरमा अमेरिका गएको बेला संयुक्त राज्य अमेरिकाको हिन्द प्रशान्त रणनीति (Indo–Pacific Strategy) को सदस्य बनेको भनी उक्त रणनीतिको प्रतिवेदनमा उल्लेख गरियो। सन् २०१९ मेमा नेपाल आएका दक्षिण तथा मध्यएसीया मामिला हेर्ने अमेरिकी सहायक विदेश मन्त्री डेभिड जेरन्जले एमसीसी सम्झौता अमेरिकी हिन्द-प्रशान्त रणनीति (आइपिएस अन्तर्गत रहेको अभिव्यक्ति दिए। त्यसले गर्दा एमसीसी कम्प्याक्ट विवादमा तानियो। केपी आलीले पार्टीमा कनै सरसल्लाह नै नगरी उक्त विवादित एमसीसी कम्प्याक्ट संसदबाट अनुमोदन गराउनका निम्ति संसद सचिवालयमा दर्ता गराएपछि नेपाल कम्युनिस्ट पार्टी (नेकपा)भित्र चर्को विवाद उत्पन्न भयो। त्यस विवादित विषयमा अध्ययन गरी पार्टीमा सझाव प्रस्तुत गर्नका निम्ति कमरेड झलनाथ खनाल, भिम रावल र प्रदिप ज्ञवाली रहेको एक कार्यदल गठन गरियो। त्यस कार्य दलले तत्काल उपलब्ध सामग्रीहरूको अध्ययन गरी एमसीसी कम्प्याक्ट जस्ताको तस्तै अनुमोदन गर्न नहने सुझाव सहितको प्रतिवेदन पार्टीलाई दियो। केपी ओलीले उक्त प्रतिवेदन बुझे तर त्यसको कार्यान्वयनमा कत्ति पनि चासो राखेनन्। पार्टीमा चर्को विवाद भएको र ओली सत्ताच्युत समेत भएकाले तत्काल एमसीसी कम्प्याक्ट संसदबाट अनुमोदन गर्ने कार्य रोकियो। शेरबहादुर देउवा प्रधानमन्त्री भएपछि एमसीसी कम्प्याक्ट संसदबाट अनुमोदन गराउन जोड दिए।


यससम्बन्धी विवाद फेरि सतहमा आयो। हामीले पार्टीको केन्द्रीय सचिवालयमा छलफल गरी एमसीसी कम्प्याक्टको अझै गहन अध्ययन गऱ्यो र यसका आपत्तिजनक बुँदा के-के इन एट्याउँ भन्ने निष्कर्षका साथ सम्मानित नेता कमरेड झलनाथ खनाल, उपाध्यक्ष कमरेड प्रमेश हमाल र उपमहासचिव कमरेडहरू डा. विजय पौडेल र जगन्नाथ खतिवडालाई ठोस अध्ययनको जिम्मा दियौं। कमरेडहरूले आफ्नो अध्ययन र अन्य कमरेडहरूले गर्नुभएका अध्ययनहरूको समेत आधारमा एमसीसी कम्प्याक्टमा रहेका एघारवटा बुँदा आपत्तिजनक भएकाले यसलाई जस्ताको तस्तै अनुमोदन गर्न नहुने निष्कर्षसहितको प्रतिवेदन पार्टीमा बुझाउनु भयो। हाम्रो स्थायी कमिटीको दसौं बैठकले एमसीसी कम्प्याक्ट जस्ताको तस्तै अनुमोदन गर्न नसकिने तर संसदमा बहस गर्न हामी तयार हुने भन्ने निर्णय गर्यो भने सचिवालयको सोही बैठकले प्रतिनिधि सभामा पेश गरिएको एमसीसी कम्प्याक्ट सम्बन्धी प्रस्ताव जस्ताका तस्तै अनुमोदन गराउन खोजे त्यसको विपक्षमा रहने निर्णय गर्यो। त्यसैबीच नेका र एमालेबीच अनेकौं चरणमा वार्ता भयो भने पाँचदलीय गठबन्धनमा पनि वार्ताहरू भए। नेका र एमालेबीचको वार्ता पाँचदलीय गठबन्धनलाई तोड्ने, सभामुखलाई पदबाट हटाउने र हाम्रो पार्टीका चौधजना सांसदलाई कारबाही गर्ने, पार्टीको दर्ता खारेज गर्ने तथा प्रधानन्यायाधीशमाथिको महाअभियोग फिर्ता लिनुपर्ने गरी एमसीसी कम्प्याक्ट जस्ताको त्यस्तै अनुमोदन गर्नेतर्फ अग्रसर भयो। त्यसप्रकारको परिस्थितिबीच पाँच दलीय गठबन्धनमा संलग्न दलहरू वैकल्पिक निकासको खोजीमा लागे। त्यसैक्रममा एमसीसी कम्प्याक्टको सम्झौतासँग त्यसको व्याख्यात्मक घोषणा गरेर जान सकिने धारणा विकसित भयो। त्यसधारणामा हामी पनि आधारभूत रूपमा सहमत भयौं।

२०७८ फागुन १५ मा बसेको हाम्रो पार्टी स्थायी कमिटीको एघारौं बैठकले हामीले उठाएका एघार बुँदाको सम्बोधन हुने र यदि व्याख्यात्मक घोषणा अनुरूप नभएमा ३० दिनको सूचना दिएर सम्झौता खारेज गर्न सकिने समेतको व्याख्यात्मक घोषणासहित एमसीसी कम्प्याक्ट सम्झौता अनुमोदन गर्न सकिने निर्णय गयो। सोही निर्णय अनुरूप हामीले बाह्र बुँदे व्याख्यात्मक घोषणासहित एमसीसी कम्प्याक्ट सम्झौता अनुमोदन गर्न सहमति जनायौं। यदि हामीले यसो नगरेको भए नेका र एमाले मिलेर पाँच दलीय गठबन्धनलाई तोडने, सभामुखलाई पदबाट हटाउने र हाम्रो पार्टीका चौधजना सांसदलाई कारबाही गर्ने गरी नेका र एमाले मिलेर एमसीसी कम्प्याक्ट जस्ताको तस्तै अनुमोदन गर्ने थिए। त्यस्तो अवस्थामा पाँच दलीय गठबन्धन तोडिने, सभामुखलाई पदबाट हटाइने, हाम्रो पार्टीका चौधजना सांसदलाई कारबाही गरिने गरिने र हाम्रो पार्टीको अस्तित्व समाप्त पारिने र अदालतलाई समेत प्रयोग गर्नेसम्मका कार्य हुनसक्थ्यो। हामीले वैकल्पिक बाटो रोजेर ती सबै खतरालाई टारेका छौं।

६. वर्तमान राष्ट्रिय राजनीतिक परिस्थिति राष्ट्रिय राजनीतिक परिस्थिति अझै पनि तरल अवस्थामै रहेको छ। मुलुक संविधानले निर्देश गरेको दिशामा सस्थिर ढंगले अगाडि बढ्न सकेको छैन। नेपाली राजनीतिक आकासमा अस्थिरताका काला बादल अझै पनि मडारिरहेका छन्। प्रतिगमनकारी षड्यन्त्रका तानाबाना अझै पनि बुँनिदैछन्। जन प्रतिनिधिहरूले जनताका आवाज मुखरित गर्नुपर्ने थलो संसद अलोकतान्त्रिक एवं प्रतिगमनकारी चिन्तन र व्यवहारको शिकार बनिरहेको छ। चुनाव हुन्छ कि हुँदैन ? पाँच दलीय गठबन्धन टुट्छ कि टुट्दैन भन्नेजस्ता प्रश्न उठने गरेका छन्। यसरी राजनीतिक क्षेत्र एक प्रकारको अनिश्चयात्मक परिस्थितिबाट गुज्रिहेको छ। मुलुकको आर्थिक अवस्था झन् खस्किँदो छ। सबैजसो आर्थिक सूचकाङ्कहरू निराशाजनक छन्। सबैभन्दा बढी अस्तव्यस्त

क्रमशः अन्तिम पृष्ठमा

# नेकपा (एकीकृत समाजवादी) को राजनीतिक प्रतिवेदन (पूर्णपाठ)



दस्तावेज

माधवकुमार नेपाल

यस्तो छः - नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी) पोलिटव्युरोको प्रथम बैठक तथा केन्द्रीय कमिटीको तेस्रो बैठकमा प्रस्तुत राजनीतिक प्रतिवेदनको पूर्णपाठः 'प्रिय कमरेडहरू, आज हामी हाम्रो पार्टी नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी) को पोलिटव्युरोको प्रथम बैठकमा उपस्थित भएका छौं। हामीले दक्षिणपन्थी अवसरवाद, विसर्जनवाद र व्यक्तिवादका विरुद्ध विद्रोह गरेर। पार्टी पुनर्गठन गरेदेखि अहिलेसम्मका कामको सामान्य समीक्षा र वर्तमान राजनीतिक परिस्थितिको ठोस। विश्लेषण गरी तात्कालिक कार्ययोजना तय गर्ने कार्यसचीका साथ आयोजित यस बैठकको प्रारम्भमा म। सर्वप्रथम यहाँ उपस्थित सम्पूर्ण कमरेडहरूलाई हार्दिक स्वागत तथा अभिवादन गर्दछ र सम्पूर्ण ज्ञातअज्ञात शहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्नुका साथै पार्टीका संस्थापक महामन्त्री कमरेड पुष्पलाल। प्रथम जननिर्वाचित कम्युनिस्ट प्रधानमन्त्री कमरेड मनमोहन अधिकारी र जननेता कमरेड मदन भण्डारीलगायत सबै अग्रज नेताहरूप्रति हार्दिक सम्मान व्यक्त गर्दै विषयमा प्रवेश गर्न चाहन्छु।

१. वर्तमान अन्तर्राष्ट्रिय परिसिथत र नेपाल वर्तमान अन्तर्राष्ट्रिय परिस्थिति गम्भीर अन्तर्विरोध, ध्रुवीकरण र द्वन्द सिर्जना हुने परिस्थितिबाट अगाडि बढिरहेको छ। समाजवाद र पुँजीवादबिचको अन्तर्विरोध नयाँ उचाईमा पुगेको छ। साम्राज्यवाद र उत्पीडित राष्ट्रहरूबिचको अन्तविरोध पनि जटिल बन्दै गएको छ। साम्रज्यवादी शक्तिहरू स्वतन राष्ट्रहरूमा आफ्नो प्रभाव विस्तार गर्न र प्रभुत्व कायम गर्न प्रयत्नशील छन्। सामज्यवादी शक्तिहले विश्वमा पनि आफ्नो प्रभाव र प्रभुत्व कायम राख्नका लागि प्रतिस्पर्धा भैरहेको छ। एकाधिकार पुँजीवाद, वित्तीय पुँजीवाद र बहुराष्ट्रिय निगमहरूले विश्वव्यापि रूपमा श्रमजीवी वर्ग र आम उपभोक्तमाथि चरम शोषण गरिरहका छन्।

आणविकलगायत हातहतियारको होडबाजी चलिरहेको छ। शक्ति राष्ट्ले कमजोर राष्ट्रमाथि हमला गर्ने कार्य हुँदैछ। विश्व शान्तिमा गम्भीर संकट देखापर्न थालेको छ। विश्वको शक्ति सन्तुलनमा परिवर्तन हुन पनि थालेको छ। समाजवादी चिनले हासिल गरेको आर्थिक र सामरिक प्रगति पुँजीवादी एवं साम्राज्यवादी शक्तिलाई उछिन्ने गरी अगाडि बढ्दै छ। अमेरिकालगायत पश्चिमा शक्ति राष्ट्रहरू चिनले गरेको द्रुततर विकासले गर्दा विश्वशक्ति सन्तुलनमा देखिएको नयाँ अवस्थालाई अवरुद्ध पार्न प्रयत्नशील छन् र अमेरिकी ध्रुवमा पुनः एकिकृत हुन खोजेका छन्। तिनीहरूले आक्रामक रहगको नयाँ रणनीति तय गर्दछन्। विश्व पुनः सीत युद्धतर्फ धकेलिने परिस्थिति उत्पन्न हद छ। यस परिप्रेक्षमा चिनको अन्तर्राष्ट्रिय विकास साझेदारी कार्यक्रम ९द्यच्क्ष० लाई असफल पार्न र आफ्नो प्रभाव क्षेत्र विस्तार गर्न अमेरिकाले हिन्द प्रशान्त रणनीति (IPS), चार देशीय सुरक्षा समझदारी (QUAD) र तीन देशीय सुरक्षा समझदारी (AUKUS) जस्ता रणनीतिक योजना अगाडि सारेको छ।

अफगानिस्तान, इराक, लिविया, सिरियालगायत मध्यपूर्वी देशमा एकपछि अर्को धक्का व्यहोरेपछि पनि आफ्नो प्रभुत्ववादी एवं हस्तक्षेपकारी कदम कायम राख्न अमेरिका र उसका सहयोगी राष्ट्रहरूले उत्तर एटलान्टिक सन्धी सङ्गठन (NATO) को विस्तार गर्ने प्रयत्न गरिरहेका छन्। त्यसले गर्दा विश्व शान्तिमा खलल पर्न गएको छ। हाल युक्रेनमा भएको रुसी आक्रमण पनि क्षेत्रीय प्रभुत्व कायम गर्ने, पश्चिमी राष्ट्रहरूको प्रयत्न र रुसी स्वार्थबीचको टकरावबाट उत्पन्न परिणाम हो। हामी सबैखाले प्रभुत्ववाद, सैन्य गठबन्धन, हस्तक्षेप र आक्रमणको निन्दा एवं भर्त्सना गर्दछौं र न्याय, स्वतन्त्रता र सार्वभौमिकताको रक्षाका निम्ति हुने सङ्घर्षमा ऐक्यबद्धता जाहेर गर्दछौं। उपयुक्त अन्तर्राष्ट्रिय परिस्थितिको प्रभाव नेपालमा पनि पर्नु स्वाभाविक हो। विद्यमान अन्तर्राष्ट्रिय परिस्थितिले प्रभाव पारिरहेकै अवस्थामा हामीले नेपालमा समाजवादी आन्दोलन अगाडि बढाउने प्रयत्न गरिरहेका छौं। यहाँ पनि समाजवादका पक्षधर र विरोधी शक्तिहरूबीच अन्तर्विरोध छ। यहाँको कम्युनिष्ट आन्दोलनभित्र समाजवाद विरोधी अर्थात समाजवादतर्फ अगाडि बढ्न नचाहने दक्षिणपन्थी चिन्तन र व्यवहार प्रकट भयो र हामी त्यस गलत चिन्तन र व्यवहारका विरुद्ध विद्रोह गरेर अगाडि बढिरहेका छौं। अगाडि बढ्ने क्रममै आज हामी या उपस्थित छौं।

२. दक्षिणपन्थी विसर्जनवादका विरुद्ध विद्रोह र पार्टी पुनर्गठन अभियान हामीले तत्कालीन नेकपा (एमाले) मा उत्पन्न दक्षिणपन्थी अवसरवाद एवं विसर्जनवाद, व्यक्तिवादी, अहंकारवाद, निरङ्कुश एवं स्वेच्छाचारी प्रवत्ति र चरम गुटबन्दीका विरुद्ध विद्रोह गरेर आजभन्दा करिब साढे ६ महिना पहिले २०७८ भाद्र २ गते नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी) को गठन गरी पार्टी पुनर्गठन अभियान सुरु गरेका थियौं। निर्वाचन आयोगबाट २०७८ भाद्र ९ गते पार्टी दर्ता भएको प्रमाण पत्र प्राप्त गरिसकेपछि त्यस अभियानलाई अगाडि बढाइएको थियो। नवगठित पार्टी केन्द्रीय कमिटीको प्रथम बैठकबाट तीन महिने संगठन विस्तार अभियान सञ्चालन गर्ने योजना तर्जुमा गरी त्यसको कार्यन्वयनमा जुटेका थियौं। त्यस योजना अनुसार हामीले एमालेमै रहेर प्रतिगमन विरुद्ध सङ्घर्ष गरिरहेको बेला गठन गरेका समानान्तर कमिटीहरूलाई नेकपा (एकीकृत समाजवादी)मा रूपान्तरण गर्ने जन वर्गीय सहगठनका कमिटीहरूलाई पनि नेकपा (एकीकृत समाजवादी)का भातृ-भगिनी सङ्गठनका कमिटीमा रूपान्तरण गर्ने साबिक नेकपा (एमाले)बाट निवाचित प्रदेश सभा सदस्य तथा स्थानीय तहका जन प्रतिनिधिहरूले नेकपा (एकीकत समाजवादी)लाई आफ्नो पार्टीका रूपमा रोज्ने, सनाखत गर्ने, देशव्यापी रूपमा पार्टी कमिटीहरू गठन, पुर्नगठन, बैठक, भेला, वैचारिक प्रशिक्षण आदि कार्य अभियानको रूपमा सञ्चालन गर्ने, साबिक नेकपा (एमाले) का सङ्गठित सदस्यहरूलाई नेकपा (एकीकृत समाजवादी)का सहगठित सदस्यमा रूपान्तरण गर्ने नयाँ सदस्यता दिन योग्य कमरेडहरूलाई आवेदन फाराम भराएर सहगठित सदस्यता प्रदान गर्ने व्यापक रूपमा पार्टी सदस्यता वितरण गर्ने, जनवगीय सड़गठनहरूका सदस्यता पनि व्यापक रूपमा वितरण गर्ने प्रवासमा रहेका एमाले पार्टी सम्बद्ध प्रवासी नेपाली सइया (Ovrseas Nepalese Association (ONA) लाई हाम्रो पार्टीमा आबद्ध गर्ने, सबै प्रदेश तथा जिल्लामा पार्टी कार्यालय स्थापना गरी सञ्चालन गर्ने केपी ओली पक्षले फैलाएका भ्रमहरूको सशक्त रूपमा खण्डन गर्ने र जनता तथा कार्यकर्ताको बीचमा पार्टी पुनर्गठनको औचित्य प्रष्ट पार्नका लागि व्यापक रूपमा प्रचार अभियान चलाउने, व्यवस्थित प्रशिक्षण अभियान सञ्चालन गर्ने सबै कमिटीहरूले सञ्चालनको व्यवस्था गर्ने र त्यसका निम्ति बैंक खाता खोल्ने जस्ता कामहरू गर्नपर्ने थियो। हामीले उपयुक्त कार्ययोजना बनाएर काम गर्न थालेको साढे छ महिना भएको छ। यस अवधिमा केन्द्रीय कमिटी, तीनओटा केन्द्रीय आयोगहरू, केन्द्रीय सल्लाहकार परिषद्, केन्द्रीय ज्येष्ठ कम्पनिष्ट मान्य केन्द्रीय। परिषद, सातवटा प्रदेश कमिटी र छ्यहत्तर जिल्ला कमिटी गठन भएका छन्। ७३ पालिकामा अधिकांश पालिकामा कमिटी गठन भएका छन् र बाँकी पालिकाहरूमा गठन गर्ने काम भैरहेको छ। ६७४३ वडामध्ये पनि अधिकांस वडामा कमिटी गठन भएका छन् र बाँकी वडामा गठन गर्ने कार्य जारी छ। उपत्यका विशेष प्रदेश कमिटी र त्यस अन्तर्गत तीनवटा जिल्ला कमिटी तथा बाह्र शाखा कमिटी गठन। भएका छन्। पार्टी सम्बद्ध जनसङ्गठनहरू अखिल नेपाल किसान महासंघ, अखिल नेपाल महिला संघ, एकीकृत ट्रेड युनियन महासंघ, युवा संघ नेपाल, अनेरास्ववियु, पेशागत महासंघ र त्यस अन्तर्गतका घटक सङ्गठन, नेपाल राष्ट्रिय उद्योग व्यवसायी महासंघ र त्यस अन्तर्गतका घटक सङ्गठन, नेपाल खेलकुद महासघ (समाजवादी र त्यसका अन्तर्गतका घटक सङ्गठन, राष्ट्रिय जनसांस्कृतिक महासंघ (समाजवादी), आदिवासी जनजाति महासंघ (समाजवादी), समाजवादी प्रेस सगठन र नेपाल दलित मुक्ति। सङ्गठनका केन्द्रीय तथा प्रदेश कमिटी गठन भएका छन र यी सङगठनका जिल्ला तथा स्थानीय कमिटी। गठन गर्ने काम पनि भैरहेको छ। त्यसैगरी नेपाल बुद्धिजीवी परिषद् (समाजवादी), नेपाल भूतपूर्व सैनिक तथा प्रहरी सङ्गठन (समाजवादी), समाजवादी पेशागत कानुन व्यवसायी सङ्गठन, समाजवादी इन्जिनियर्स एसोसिएसन नेपाल र समाजवादी अपाङ्गता संगठन नेपाल पनि निर्माण भएका छन्। सम्पर्क विशेष प्रदेश कमिटी र त्यस अन्तर्गत सात प्रदेशमा सम्पर्क कमिटी तथा ५६ जिल्लामा सम्पर्क मञ्च गठन भएका छन्। भारत प्रवास र भारत प्रवाबाहेक अन्य प्रवासका २५ मलकमा प्रवासी नेपाली एकता मञ्चका कमिटीहरू बनेका छन्। यसैबीच नेकपा (जनवादी) र राष्ट्रिय जागरण अभियान समुहगत रूपमा नै पार्टीमा एकताबद्ध भएका छन् भने हजारौं व्यक्तिहरू विभिन्न पार्टी परित्याग गरी कोही सामूहिक रूपमा त कोही व्यक्तिगत रूपमा हाम्रो पार्टीमा आबद्ध भएका छन्। यसरी हाम्रो पार्टी आज देशव्यापी र जनव्यापी रूपमा स्थापित हुँदै गएको छ। हाम्रो काम जति भएको छ त्यसको सम्पूर्ण तथ्याङ्क प्राप्त भएका छैनन्। खासगरी मधेश प्रदेश र लुम्बिनी प्रदेशबाट आउनुपर्ने तथ्याङ्क आएका छैनन्। तथापि हालसम्म प्राप्त तथ्याङ्कका आधारमा नै भन्न सकिन्छ कि हाम्रो पार्टी देशव्यापी रूपमा फैलिएको छ र क्रमशः मजबुत बन्दै गैरहेको छ। तर, यो पर्याप्त छैन। तीन महिने कार्ययोजनामा निर्धारित सबै पालिका र वडामा कमिटी निर्माण गर्ने लक्ष्य अझै प्राप्त भएको छैन। २०७८ माघ २५ गते बसेको केन्द्रीय सचिवालयको १३ औं बैठकले सङ्गठन निर्माणको विशेष अभियान सञ्चालन गरी फागुन मसान्तसम्म प्रत्येक पालिकाका सम्पूर्ण वडामा पारी जन संगठनका कमिटी निर्माण गरिसक्ने निर्णय गरेको थियो र त्यस निर्णयलाई अपानि- मार्फत् पार्टी हितमा प्रशारित गरिएको थियो। तर अझै पनि सबै पालिका र वडामा कमिटी निर्माण कार्य सम्पन्न भएको छैन। हामी तीन महिने सहगठन निर्माण अभियानमा रहेको बेला कोभिड-१९ को सहाण व्यापक रूपमा फैलिएकाले हाम्रो अभियानमा असर पऱ्यो। अहिले कोभिड-१९ को संक्रमण कम हुँदै गएको छ। अब फेरि उक्त सहगठन निर्माण अभियान अगाडि बढाउन सकिन्छ। स्थानीय निर्वाचनका तहसम्म हुने भएकाले प्रत्येक पालिकाको वडा र टोल तहसम्म सङ्गठन निर्माण नभएमा निर्वाचनमा सहभागिता नै जनाउन कठिनाई हुने भएकाले प्रत्येक पालिकाका सम्पूर्ण वडा र सकेसम्म टोल तहसम्म पार्टी कमिटी र जनसहगठनका कमिटीहरू निर्माण गर्नु अनिवार्य छ।

त्यसैले कमिटी निर्माण अभियान जारी राख्नु पर्छ र आगामी चैत १५ गतेसम्म सबै पालिकाका सम्पर्ण बडा र सकेसम्म टोल तहसम्म पार्टी र जनसङ्गठनका कमिटीहरू निर्माण गरिसक्नु पर्दछ।

३. पाँच दलीय गठबन्धन र सरकारमा हाम्रो सहभागिता नेपाल कम्युनिस्ट पार्टी (नेकपा)लाई प्राप्त जनमतको आधारमा प्रधानमन्त्री बनेका तर आफ्नै गलत विचार र व्यवहारका कारणले पार्टीभित्र बहुमत गुमाएका केपी शर्मा ओलीले सङ्घीय लोकतान्त्रिक गणतन्त्र, देशको संविधान र अग्रगामी उपलब्धिलाई समेत उल्टाउने उद्देश्यले २०७७ पौष ५मा असंवैधानिक ढङ्गले प्रतिनिधिसभा विघटन गरेपछि हामी त्यस प्रतिगमनकारी षड्यन्त्रका विरुद्ध मैदानमा उत्रिएका थियौं।

सर्वोच्च अदालतले २०७७ फागुन ११ मा प्रतिनिधिसभा पुनर्स्थापना गर्ने फैसला गरेपछि पनि केपी ओली पछाडि हटेनन्। उनको दक्षिणपन्थी अवसरवादी चिन्तनद्वारा निर्देशित षड्यन्त्रकारी यात्रा जारी नै रह्यो। २०७७ फागुन २३ मा सर्वोच्च अदालतले तत्कालीन नेकपा (एमाले) र माओवादीबीचको एकता भङ्ग गर्ने निर्णय गरेपछि उनको षड्यन्त्रकारी यात्रा झनै अगाडि बढ्यो। २०७७ फागुन २८ मा आफ्नो गुटको बैठक राखेर उनले नेकपा (एमाले) मा विभाजन ल्याउन निर्णय गरे। पुनर्स्थापित प्रतिनिधि सभाले आफूलाई विश्वासको मत नदिएपछि उनले फेरि चरम

क्रमशः दोस्रो पृष्ठमा



# एमसीसी अनुमोदन गराएर २१औं शताब्दीको उपनिवेश लादिएको छ : विप्लव




**काठमाडौं ।** कथित जनप्रतिनिधिको संस्था संसदबाट बलजफ्ती एमसीसी सम्झौदा अनुमोदन गराएर मुलुकमाथि २१औं शताब्दीको उपनिवेश लादेको नेकपाका महासचिव नेत्रविक्रम चन्द 'विप्लव'ले बताएका छन् । एमसीसी सम्झौता अनुमोदन भएको दिन १५ फागुन कालो दिनको रूपमा दर्ज भएको बताएका हुन् ।

राष्ट्रहित विपरीतको देश र जनताको भावना बेचेर सदनबाट एमसीसी सम्झौता अनुमोदन गरेर १५ फागुन कालो दिनको रूपमा दर्ज भएको हालै विभिन्न ६ कम्युनिस्ट पार्टी र दुई मोर्चाले एमसीसीविरुद्ध राजधानीमा आयोजना गरेको विरोधसभालाई सम्बोधन गर्दै विप्लव भने- 'राष्ट्रभक्त जनताको विरोध भइरहँदा कथित जनप्रतिनिधिको संस्था संसदबाट एमसीसी अनुमोदन गरियो ।'

'नेपाल कब्जा गर्नेगरी, जनताको भावना, देशको भावनाविपरीत १५ फागुनमा एमसीसी अनुमोदन गरियो । १ पुसजस्तै १५ फागुन पनि कालो दिनमा दर्ज भएको छ' भन्दै विप्लवले नेपालको स्रोत साधनमाथि हस्तक्षेप गर्ने रणनीतिअनुसार अमेरिकाले अनुदानको रूपमा पैसा दिएको उनको आरोप छ ।

अमेरिकाले नेपालमा रहेको कम्युनिस्ट जनमत भत्काउन र क्रान्तिकारी आन्दोलनलाई दवाब लागि परेको भन्दै उनले एमसीसी भनेको २१औं शताब्दीको उपनिवेश रहेको दाबी गरे । अनुदान सहयोगको हस्तक्षेप नीतिअनुसार आएको एमसीसी नेपालमा उपनिवेश लाद्न ल्याएको आरोप लगाएका विप्लवले अनुदान सहयोग लिन सकिए पनि एमसीसी उपनिवेशको नीति लिएर ल्याएको जिकिर गरे ।

केही व्यक्तिको मन्त्री र सांसदको पद जोगाउन माओवादी केन्द्र अध्यक्ष पुष्पकमल प्रचण्ड र एकीकृत समाजवादी अध्यक्ष माधवकुमार नेपालले राष्ट्रहितविपरित रहेको एमसीसी अनुमोदनमा सहमति जनाएको उनको भनाइ छ ।

# एमसीसी अनुमोदनको विरोधमा आठ राजनीतिक दलको प्रदर्शन



**काठमाडौं ।** संसदबाट 'अमेरिकी सहयोग परियोजना मिलेनियम च्यालेन्ज कम्प्याक्ट' (एमसीसी)को अनुमोदन गरेकाविरुद्ध विभिन्न आठवटा राजनीतिक दलले राजधानीमा प्रदर्शन गरेका छन् । आठ दलले राष्ट्रघाती सो सम्झौता संसदबाट अनुमोदन गरेको भन्दै काठमाडौंमा प्रदर्शन गरेका हुन् ।

नेपाल कम्युनिस्ट पार्टी, नेकपा क्रान्तिकारी माओवादी, नेकपा, वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी नेपाल, देशभक्त जनगणतान्त्रिक मोर्चा र राष्ट्रिय जनमोर्चाले गरेको प्रदर्शनका सहभागीले एमसीसी सम्झौता अनुमोदन हुन नहुने आसयका विभिन्न प्लेकार्ड र ब्यानर बोकेका थिए । माइतीघर र त्रिपुरेश्वरबाट सुरु भएको प्रदर्शनपछि खुल्लामञ्चमा पुगेर आमसभामा परिणत भएको थियो ।

सोही आमसभालाई सम्बोधन गर्दै आठै राजनीतिक दलका शीर्ष नेता र वक्ताहरूले राष्ट्रघाती एमसीसी सम्झौताको चर्को विरोध गरेका थिए ।

# नेकपा (एकीकृत समाजवादी) को केन्द्रीय कमिटी बैठक सम्पन्न




**काठमाडौं ।** नेकपा (एकीकृत समाजवादी) केन्द्रीय कमिटीको तेस्रो बैठकले अध्यक्ष माधवकुमार नेपालले प्रस्तुत गरेको राजनीतिक प्रतिवेदन परिमार्जनसहित पारित गरेको छ । फागुन २५ र २६ गते काठमाडौंमा बसेको बैठकबीच सहभागी सदस्यले छलफल गरी दिएको सुझावका आधारमा सो प्रतिवेदन परिमार्जन गरेको हो ।

बैठकले अमेरिकी सहयोग परियोजना (एमसीसी)को व्याख्यात्मक घोषणालाई सम्झौताको अर्को पक्ष एमसीसी समक्ष कूटनीतिक प्रक्रियाअनुरूप दस्तावेज पठाई सहमति प्राप्त गर्न माग गरेको छ ।

त्यसैगरी महाकाली नदीको प्राकृतिक बहावलाई परिवर्तन गरी दार्चुलाको सदरमुकाम समेतलाई क्षति पुग्नेगरी भारतीय पक्षले गरिरहेको निर्माण कार्यलाई तत्काल रोक्न माग गर्दै बैठकले सो सन्दर्भमा प्रभावकारी कदम चाल्न सरकार समक्ष अनुरोध गरेको छ ।


बैठकले सरकार सञ्चालनको सम्बन्धमा गठबन्धनको तर्फबाट तयार गरिएको न्यूनतम साझा कार्यक्रमलाई सरकारले पूर्णरूपमा कार्यान्वयन गर्नुपर्ने माग गरेको छ । सोही बैठकले संखुवासभाको मादीमा यात्रुबस दुर्घटना हुँदा मृत्यु भएका सम्पूर्ण यात्रुप्रति श्रद्धाञ्जली तथो शोक सन्तप्त परिवारमा समवेदना प्रकट गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गरेको छ ।

नेकपा एसको सोही बैठकले रुस र युक्रेनका साथै अन्तर्राष्ट्रिय तहमा भइरहेको युद्धले विश्वलाई अशान्त, अमानवीय र युद्धग्रस्त बनाउने दुष्कार्यप्रति खेद व्यक्त गर्दै आक्रमणमा परेकाहरूप्रति सहानुभूति प्रकट गरेको छ ।

पटक-पटकको पेट्रोलियम पदार्थमा भएको मुल्यवृद्धिले यातायातलगायतका दैनिक उपभोग्य वस्तुका मूल्य आकाशिएकाले सर्वसाधारण जनताको दैनिक जीवन कष्टकर बनिरहेको अवस्थामा बैठकले सरकारसँग दैनिक उपभोग्य वस्तुको मूल्यवृद्धिलाई नियन्त्रण गर्न आग्रह गर ेको छ ।

किसानले भोग्दै आएको र ासायनिक मलको आपूर्ति व्यवस्था मिलाउन सम्बन्धित पक्षलाई ध्यानाकर्षण गराउँदै बैठकले मलखाद् कारखाना स्थापनाका लागि पहल गर्न माग गरेको छ ।

# 'जुग जगाउँदाखेरि' सार्वजनिक




**बााके ।** पत्रकार डबल महताराद्वारा लिखित पुस्तक 'जुग जगाउँदाखेरि'को सार्वजनिक भएको छ। कार्यकर्ता भेटघाट अभियानमा निस्किएका नेकपा (माओवादी केन्द्र)का वरिष्ठ नेता कृष्णबहादुर महराले उक्त पुस्तकको सार्वजनिक गरेका हुन् । पुस्तक विमोचन तथा कार्यकर्ता भेटघाट कार्यक्रमलाई शनिबार सम्बोधन गर्दै वरिष्ठ नेता महराले महराले पुस्तकले माओवादी आन्दोलनलाई संस्थागत गर्नमा सहयोग पुर्‍याउने विश्वास व्यक्त गरेका थिए ।

पुस्तकका लेखक महताराले जनयुद्धका समयमा आफूले पत्रकारिताका क्रममा भोगेका अनुभव र अनुभूतिलाई पुस्तकमा समेटेका छन् ।

कार्यकर्तालाई सम्बोधन गर्दै महराले न्याय क्षेत्रमा बेथिति बढ्दै गएपछि यसको समाधानका लागि महाअभियोग प्रस्ताव दर्ता गरिएको उल्लेख गरे । सत्तासाझेदार गठबन्धनको सहमतिबाटै प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबरामाथि महाअभियोगको प्रस्ताव संसदमा दर्ता गरिएको पनि महराले बताए ।

'जनताको पार्टी बनाउनका लागि हामीले गाउँ फर्किने अभियान सञ्चालन गरेका छौं । नेतादेखि कार्यकर्तासम्म सबै जनतामा फर्किन आवश्यक छ' वरिष्ठ नेता महराको भनाइ थियो ।

# मादीको दुर्घटनामा १४ ले ज्यान गुमाए, उपराष्ट्रपतिद्वारा दुःख व्यक्त

**काठमाडौं ।** उपराष्ट्रपति नन्दबहादुर पुनले सङ्खुवासभाको मादीको भिरबाट यात्रुबस खस्दा भएको ठूलो मानवीय क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै दुर्घटनाका मृतकप्रति श्रद्धाञ्जली अर्पण गरेका छन् । शोकाकुल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दै उपराष्ट्रपति पुनले घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै उचित उपचारका लागि सरकारको ध्यानाकर्षण गराएका छन् ।

उपराष्ट्रपति पुनले बढ्दो सडक दुर्घटनाप्रति गम्भीर चिन्ता व्यक्त गरेको उनका प्रेस संयोजक मनोज घर्तीद्वारा जारी प्रेस नोटमा उल्लेख गरिएको छ । सोही प्रेस नोटमा पछिल्ला सडक दुर्घटनाको उचित छानबिन हुनुपर्ने र सोही छानबिन प्रतिवेदनका आधारमा सडक दुर्घटना न्यूनीकरणको योजना बनाएर कार्यान्वयन गर्न सरकारको गम्भीर ध्यानाकर्षण गराइएको छ ।

संखुवासभाको मादी-६, पुलुङस्थित सात घुम्ती सडकखण्डको भिरबाट यात्रुबाहक बस खस्दा चालक र सहचालकसहित १४ जनाको ज्यान गएको थियो । प्रदेश १ ट्राफिक प्रहरी कार्यालयका अनुसार मादीबाट झापाको दमकतर्फ सवार बा ४ ख ७३५ नम्बरको बस दुर्घटना हुँदा चालक तेह्रथुम औशीडाँडाका ३५ वर्षीय बिपिन निरौला र सहचालक संखुवासभा मादी-४ का अन्दाजी ३५ वर्षीय उमेश भट्टराईसहित यात्रुमध्येका मादी- ६ कै अञ्जना कटवाल, ३८ वर्षीय ईन्द्रबहादुर अधिकारी, ५ वर्षीय दीक्षा कटवाल मृत्यु भएको हो ।

यसैगरी मादी-५ का ४५ वर्षीय दीपक दाहाल, ५२ वर्षीय श्याम शेर्पा, ५५ वर्षीय भवानी दाहाल, ३८ वर्षीय आइतबहादुर तामाङ, ३५ वर्षीय सबिता राउत कार्की मृत्यु भएको प्रदेश १ ट्राफिक प्रहरी कार्यालयले पुष्टि गरेको छ ।

सोही दुर्घटनामा परी ज्यान गुमाएका एक पुरुष, दुई महिला र एक बालकको भने अझै पहिचान खुल्न नसकेको पनि प्रहरीले जनाएको छ ।

प्रमुख जिल्ला अधिकारी नुरहरि खतिवडाका अनुसार दुर्घटनाका घाइतेमध्ये ५ जनालाई हेलिकप्टरबाट उपचारका लागि धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान लगिएको लगिएको छ ।

# पललाई थप थुनामा राख्न अनुमति

**काठमाडौं ।** जिल्ला प्रहरी कार्यालय तनहुँको थुनामा रहेका जबर्जस्ती कर णीको अभियुक्त कलाकार पल शाहलाई १२ दिनको म्याद थप गरिएको छ ।

जिल्ला अदालत तनहुँले कालाकार आरोपित शाहलाई थप १२ दिन हिर ासतमा राख्न आदेश दिएको हो । गत १५ गते उनका विरुद्ध सात दिनको म्याद थप गरिएको पनि अनुसन्धान प्रक्रिया नसकिएका भन्दै प्रहरीले शाहलाई हिरासतमा राखेर थप अनुसन्धान गर्ने जनाकारी दिएको छ ।

सत्र वर्षीया गायिकालाई गएको वैशाख १४ गते (२०७८ वैशाख १४ मा) ललाइफकाइ जबर्जस्ती गरेको अभियोगमा पीडितका परिवारले फागुन ११ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिएका थिए । त्यस्तै पीडकले पटक-पटक विसं २०७७ पुस १० गते पोखरामा र चैत ७ गते चितवनमा पीडितलाई जबर्जस्ती करणी गरेको जाहेरीमा आरोप लगाएको छ ।

जाहेरीमा निज शाहविरुद्ध मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ (१) विपरीतको कसुर अपराधमा कडाभन्दा कडा कारबाही गरी कानूनबमोजिम सोही संहिताको दफा २२८ बमोजिम पीडितलाई उचित क्षतिपूर्ति दिलाउन माग गरिएको छ ।

# लेन्डुप दोर्जेको बाटोमा नहिँडा !

काठमाडौं । एमसीसी सम्झौताको विपक्षमा सदन बाहिर आफ्नो अभिमत प्रकट गर्ने सबै देशभक्तहरूको आन्दोलनप्रति ऐक्यबद्धता जनाउँछु । आफ्नो राष्ट्रको लागि संघर्ष गर्दा घाइते हुनुभएका सबैको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु । देशभक्तिपूर्ण प्रदर्शनमाथि दमन गर्ने सरकारको व्यवहारको भर्त्सना गर्दछु ।

एमसीसीका नाममा आएको यो परियोजना विशुद्ध विकासका लागि आएको भए हामीलाई कुनै आपत्ति हुन्न थियो । यो सम्झौता गर्दा यस्ता सर्तहरू प्रस्तुत गरिएको छ, जसले नेपालको संविधान र सार्वभौमिकता जस्ता संवेदनशील एवं गम्भीर प्रकृतिका विषयलाई आघात गरेको छ । सम्झौताको दफा ७.१ मा सम्झौता र नेपालको कानुन बाझिएमा प्रस्तुत सम्झौता लागु हुने भनी हाम्रो राष्ट्रिय कानुनलाई निष्प्रभावी बनाउन खोजिएको छ । कुरा त्यति मात्र छैन, सम्झौताका केही प्रावधानहरूले भने हामीले संयुक्त राज्य अमेरिकाका वर्तमान र भविष्यमा लागु हुने कानुन उल्लंघन गरेमा वा उनीहरूको राष्ट्रिय सुरक्षा नीति विपरीत क्रियाकलाप गरेमा यो सम्झौता खारेज हुनेछ । सम्झौतामा अमेरिकी सरकारलाई एकपक्षीय रूपमा विनाकारण सम्झौता अन्त्य गर्ने असीमित अधिकार दिइएको छ र एकपक्षीय व्यवस्था भएको सम्झौता संसदले अनुमोदन गर्नु आफैं संसद्को मानमर्दन हो ।

यो सम्झौताको अनुसूचीहरू बदल्न नेपाली कानुनी प्रक्रिया अवलम्बन गर्न पाइँदैन । एकातिर सम्झौतालाई यो संसदले अनुमोदन गरी ऐनस्तरको कानुनी मान्यता दिनुपर्ने, अर्कातिर हाम्रो संसदले यो सम्झौतामा केही पनि परिवर्तन गर्न नपाउने फर्मानहरू जारी भइसकेका छन् । हाम्रो संसद, हाम्रो सार्वभौमिकता अभिव्यक्ति गर्ने थलो होइन, अमेरिकी सरकारको पक्षमा सम्झौता अनुमोदित गर्ने रबर स्टाम्प बनाउन खोजिँदैछ । यो सम्झौता कार्यान्वयन गर्न नेपाल सरकारले विकास समिति कानुनअन्तर्गत एमसीए नेपाल गठन गरी त्यस्तो असीमित अधिकार दिइएको छ, जसबाट नेपाल सरकारले निर्देशन दिन पाउँदैन । यो एमसीसीको निर्देशनमा चल्छ । नागरिक समाज, गैरसरकारी प्रतिनिधिहरू छनौट नेपालले गर्न नपाउने, एमसीसीले तोकेको प्रक्रियामा हुने, कर्मचारीहरू एमसीए नेपालले नियुक्त गर्ने तर उनीहरूको नागरिकता भने नेपालले जाँच गर्न नपाउने जस्ता धेरै नै असमान र अपमान प्रावधान राखिएका छन् ।

विदेशी कम्पनीले समानान्तर सरकार सञ्चालन गर्नेछ । यसले एमसीएले कानुन विपरीत सम्झौता गरेको पुष्टि हुन्छ । के पनि सुन्नमा आएको छ भने सम्झौता अनुमोदन नहुँदै ५-६ वटा पूरक तथा गोप्य सम्झौता पनि गरिएका छन् । ती गोप्य र पूरक सम्झौता र पत्रहरू संसदलाई उपलब्ध गराउनुपर्दैन ? वास्तवमा यो सम्झौता संसदीय अनुमोदन गर्नैपर्ने थिएन । यसले अरू दातृराष्ट्र र संस्थाबाट प्राप्त हुने अनुदान र सहयोगलाई संसद्मा अनुमोदन गर्ने गलत नजिर बनाउनेछ । हामीले संविधानतः सरकारमा निहित प्राधिकारलाई संसद्लाई दिन खोज्दैछौं । त्यो हदसम्म संविधान नै संशोधन हुन जान्छ ।

सम्झौताका कति दफा पनि अन्तर्राष्ट्रिय कानुन, सम्झौताका प्रचलित मान्यतासँग मेल खाँदैन भनेर विज्ञहरूले राय प्रकट गर्नुभएको छ । यो सम्झौताको समाप्ति, निलम्बन र अन्त्यपछि पनि कायम रहने आधार दिएको छ । यी सबै प्रावधानलाई नसच्याइ यथास्थितिमा यसलाई पारित गरिनु हुन्न । यो सम्झौताको अनुसूची ५ मा भारतको सरकारको पनि सहमति चाहिने भन्ने उल्लेख गरेकाले यो द्विपक्षीय सम्झौता होइन भन्ने पुष्टि हुन्छ । भारतको गोरखपुरसम्म विद्युत प्रशारणलाई पुऱ्याउनुपर्ने र भारतसँग विद्युत निर्यात गर्ने कुरा यसमा समावेश भएपछि यो सम्झौता नेपालको प्राथमिकताको आधारमा आएको छैन, यसले हाम्रो विद्युत ऊर्जामाथि मिहिन पाराले हात हाल्न खोजेको छ ।

विद्युत ऊर्जा निर्यात हाम्रो प्राथमिकता पनि होइन । हामी त घरेलु खपत गर्न र हाम्रो औद्योगिकरणलाई तीव्रता दिनुपर्ने हो । यो सोचभन्दा पनि विद्युत ऊर्जाभित्र प्रवेश गरेर यसलाई उदारीकरणको बाटोमा लैजान खेल्छ भने ऊर्जा विज्ञहरूले भनिरहनु भएको छ । अहिलेसम्म नेपालको विद्युत प्राधिकरणले विद्युत ऊर्जालाई निजीकरण गर्न दिएका छैन । यो सम्झौता, हाम्रो विद्यमान आर्थिक प्रणालीलाई ध्वस्त पारेर बजार अर्थतन्त्र र नव उदारवादी नीति लागु गर्ने उद्देश्यद्वारा उत्प्रेरित छ । कुरा विद्युतको मात्र होइन । यसले २०७२ मा जारी गरेको समाजवादउन्मुख लोककल्याणकरी दिशा, प्रक्रिया र गन्तव्यमाथि नै धावा बोल्ने छ । यो अमेरिकी मूल्य मान्यता र विचारधारालाई थोपर्न उद्धत छ ।

यो सम्झौताको भू-राजनैतिक महत्त्वले गर्दा हाम्रो परराष्ट्र नीति जटिल मोडमा आएको छ । नेपालले यो अनुदान लिनै पर्ने, नलिए नेपालसँग अमेरिकी सम्बन्ध बिग्रिने, अन्य सहायता नपाउने, नेपालको विकास प्रक्रिया रोकिने धम्कीहरू पनि आएका छन् । कतै लोभ, लालच, कतै प्रलोभन, कतै धम्की किन ? संसद बाहिर र सञ्चार माध्यममा आएका समाचार र गतिविधिहरूले भन्छ कि यो भू-राजनैतिक मुद्दा नै हो ? यो अमेरिका सरकारको हिन्द प्रशान्त रणनीति कार्यान्वयन गर्ने आवरणमै आएको छ । यो अमेरिकी प्रभुत्वलाई चुनौती दिने चीनविरोधी योजनाका रूपमा आएको छ ।

चीन सरकारका पछिल्ला अभिव्यक्तिलाई पनि हामीले गम्भीरतापूर्वक ध्यान दिन जरुरी छ । दुई शक्तिशाली छिमेकीको बिचमा रहेको भूपरिवेष्ठित हाम्रो देश असंलग्न परराष्ट्र नीति र पञ्चशीलमा आधारित रही अडिग रहनुपर्ने योबेला यो सम्झौताले ती मूल्य मान्यतालाई धज्जी उठाएको छ । युक्रेनबाट पाठ सिकौं । नेपाललाई बाह्य शक्तिको थप क्रिडास्थल बनाउने षड्यन्त्रकारी योजनालाई रोक्न, मुलुकलाई शीतयुद्ध र द्वन्द्वबाट बचाउन यो सदनले यो सम्झौता परिमार्जन गरेर मात्रै पारित गर्नु आजको राष्ट्रिय आवश्यकता हो ।

यस्तो बेलामा संसद्बाट जारी गरिने भनी यहाँ प्रस्तुत व्याख्यात्मक घोषणाप्रति हामी साँच्चै इमानदार छौं भने यो सदनबाट आज पारित नगरौं । व्यापक छलफल गरौं, त्यसको आधारमा सरकारले नयाँ शिराबाट अमेरिकी सरकार र एमसीसीसँग छलफल गर्नुस्, सम्झौताको अंग बनाउनुस् । उधारो घोषणाबाट एमसीसी खारेज हुँदैन । उल्टो सम्झौता पारित हुने र हाम्रा मुद्दा सम्बोधन नहुने कच्चा काम नगरौं । हामीले नर्बिसौं, भियना अभिसन्धि अमेरिकी काँग्रेसले अनुमोदन गरेको छैन । एमसीसी त कम्पनी हो, यसले पनि एउटा प्रक्रियाबाट गुज्रिनुपर्छ । हाम्रो यो एकतर्फी घोषणाको कानुनी हैसियत हुँदैन । महाकाली सन्धिका बेलाको संकल्प प्रस्तावबाट पाठ सिकौं ।

एमसीसी असंवैधानिक र राष्ट्रघात हो भन्ने कुरा जनस्तरबाट स्थापित भइसकेको छ । म निम्न कुरामाथि चिन्तन गरी एमसीसी जस्ता योजना देशभित्र बनाउन र नेतृत्व दिन वित्तीय स्रोतको जोगाड गर्नेतिर सबैलाई आग्रह गर्न चाहान्छु ।

१. भ्रष्टाचार नियन्त्रण गरी वार्षिक २०० अर्व बचाउन सकिन्छ । त्यतातिर लागौं । यसले वार्षिक रूपमा ६५ होइन, २०० अर्बको स्रोत देशभित्रै उपलब्ध हुन्छ ।

२. वार्षिक ९०० अर्ब रूपैयाँभन्दा बढी राजस्व संकलन हुने हाम्रो देशमा अझै २०५ राजस्व बढाउन सकिन्छ भन्ने अर्थमन्त्रालयको एक अध्ययनले देखाएको छ । अर्थात १८० अर्ब रूपैयाँ राजस्व चुहावट भैरहेको छ । त्यसको नियन्त्रण गरौं र थप राजस्व परिचालनतिर लागौं ।

३. सरकारी चालू खर्च घटाएर जाऔं । विकास खर्चको प्रभावकारिता बढाऔं । यसबाट जीडीपीमा मा अतरिक्त २५ को वृद्धि हुन्छ भन्ने अर्थविदहरूको विश्लेषण छ । त्यसको कार्यान्वनको बाटो खोजौं ।

४. आजसम्म संसारको कुनै देश पनि बैदेशिक अनुदानबाट बिकसित भएको छैन । अनुदानको पछि लाग्नु मूर्खता हो । 'नेपाल सुनको पिरामा बसेर भीख माग्ने भिखारी हो' भन्ने उखानलाई करेक्सन गर्न लागि परौं । एमसीसीको आत्मघाती मसानघाटमा प्रवेश नगरौं ।

५. साप्ताहिक नेपालमा प्रकाशित युएनडीपीको एक अध्ययन प्रतिवेदनअनुसार बर्सेनि नेपालबाट ७६ अर्ब रूपैयाँ पुँजी पलायन हुन्छ, यसलाई रोकौं । हामी हाम्रै क्षमताको सुधारमा लागौं । देशको अस्मितासँ खेलवाड नगरौं । स्वाधीनता र सार्वभौमिकताको सौदाबाजी गरेर लेन्डुप दोर्जे होइन, देशभक्तहरूले देखाएको बाटोमा हिँडौं ।

*(माओवादी केन्द्रका नेता पोखरेलले फाल्गुन१५ गते प्रतिनिधिसभामा व्यक्त गरेको विचारको सम्पादित अंश)*


## गोकर्णेश्वर नगरपालिकाको अनुरोध !

- वडाबाट प्राप्त गर्ने सेवा–सुविधाका लागि वडागत रूपमै सम्पर्क राखौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- जन्म, मृत्यु बसाइँसराइ, सम्बन्ध–विच्छेद र विवाह दर्तासम्बन्धी व्यक्तिगत घटना दर्ताका लागि आ–आफ्नो सम्बन्धित वडामा सम्पर्क राखी समयमै घटना दर्ता गराऔं ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न आवश्यक योग्यता र कागजातबारे सम्बन्धित वडामा सम्पर्क राखी बैंकिङ प्रणालीमार्फत सुविधा लिने गरौं ।
- राष्ट्रिय भवनसंहिताको पूर्ण पालना गरी मापदण्डअनुसार घर निर्माण गरौं ।
- आमा र बच्चा दुवैको सुरक्षाका लागि बर्थिङ सेन्टरमा सुत्केरी गराउने गरौं ।
- सबै किसिमका फोहरलाई एकै ठाउँमा नथुपारी वर्गीकृत गरौं । कुहिने र नकुहिने फोहर छुट्याऔं ।
- जैविक (अर्ग्यानिक) फोहरलाई आफ्नै करेसाबारी वा खेतबारीमा प्रयोग गरौं ।
- प्लास्टिकजन्य फोहर नफालौं ।
- वडागतरूपमा सडक बत्ती व्यवस्थापन, उपयोग र संरक्षण गरौं ।
- कुनै पनि व्यवसाय दर्ता गरेर मात्रै सञ्चालन गरौं ।
- कुनै पनि नागरिकले बालश्रमको शोषण नगरौं ।
- आधुनिक कृषि प्रणाली अपनाई व्यावसायिक कृषक बनौं ।
- उन्नत नश्लका पशुपालन गरी स्वरोजगारी सिर्जना गरौं ।
- धर्म–संस्कृति, सम्पदाको जगेर्ना गरौं । मौलिक पहिचानलाई संरक्षण गरौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।

**गोकर्णेश्वर नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय (बागमती प्रदेश, काठमाडौं, नेपाल)


## युक्रेनमा रूसी हमलापछि देखिएको विध्वंश



**काठमाडौं ।** रुसी मिसाइल, बम र गोलाबारीमा परी युक्रेनका कैयौं शहर, नगर र गाउँहरू खण्डहर बन्न पुगेका छन् । हमला अघि र पछि खिचिएका केही तस्वीरमा गत हप्तादेखि सुरु भएको रुसी हमलाका कारण मानव बस्तीमा भएको विनाश प्रस्टै देख्न सकिन्छ ।

१. हाल रुसी सेना युक्रेनको राजधानी किएभबाट केही दूरी टाढा मात्रै छ । तर उक्त शहरमा पटक-पटक हवाइ हमला भएको छ । यो तस्वीर गत शनिबार बिहान रुसी मिसाइल आक्रमण भएको एक अपार्टमेन्ट भवनको हो ।

२. उत्तर-पश्चिमी किएभमा इर्पिन नामक सानो नगर छ । राजधानीबाट केबल २० किलोमिटर टाढा अवस्थित उक्त शहर गत हप्तादेखि नै रुसी र युक्रेनी सेनाबीचको रणभूमि बन्न पुग्यो । तोप एवं हवाइ आक्रमणपछि त्यहाँ निकै क्षति पुगेको छ । एक आक्रमणपछि तलको आवासीय क्षेत्र लगभग पूरै ध्वस्त बनेको छ ।

३. रुसी सेनाले युक्रेनको दोस्रो ठूलो शहर खार्किभलाई केही दिनयता भीषण हवाइको निशाना बनाइरहेको छ । उक्त शहरको मध्य भागमा ठूलो क्षति भएको छ ।

बुधबार युक्रेनका अधिकारीले आवासीयसहित अन्य क्षेत्रमा रातभर अन्धाधुन्द गोलाबारी भएको बताएका छन् । राष्ट्र संघका अभियोजनकर्ताले सो आक्रमणलाई सम्भावित युद्ध अपराधको रूपमा छानबिन गरिरहेका छन् । गोलाबारीपछि शहरमा भएको क्षतिलाई तलका तस्बिरले समेत प्रस्ट पार्छन् ।

४. किएभबाट ६० किलोमिटर उत्तर-पश्चिममा अवस्थित बोरोडियङ्का नगरमा रुसी सेनाले गरेको हवाइ आक्रमणपछि कैयौं आवासीय भवन ध्वस्त भएका छन् । बिहीबार ड्रोनबाट खिचिएको भिडियोमा नगरमा भएको विनाश, भवनहरू जलिरहेको र सडकमा सवारी साधन यत्रतत्र छरिएको देख्न सकिन्छ ।

५. त्यस्तै, किभएबाट १२० किलोमिटर उत्तर-पूर्वमा अवस्थित चेर्निहिभमा समेत उत्तरी क्षेत्रबाट हमला सुरु गरेको रुसी सेनाले केही दिनयता भीषण गोलाबारी गरिरहेको छ । बिहीबार उक्त शहरका विद्यालय र अग्ला अपार्टमेन्ट भवनसहित आवासीय क्षेत्रमा हमला हुँदा ३० भन्दा बढी मानिसको ज्यान गएको अधिकारीहरूले बताएका छन् ।

६. चेर्निहिभ नजिकै उत्तरमा रहेको रिभ्नोपिलिया गाउँमा स्याटालाइटबाट खिचिएका तस्वीरमा रुसी सेनाले मिसाइल आक्रमण गरेपछि जमिनमा परेका खाल्डा र जलिरहेका घरबाट धुवा उडिरहेको देखिन्छ । बिबिसीबाट

## हेलिकप्टरको सहायताले दमौलीको आगलागी नियन्त्रणमा



**काठमाडौं ।** तनहुँ जिल्लाको व्यास-४ स्थित दमौलीको मुख्य चोकमा आइतबार भएको आगलागी हेलिकोप्टरको सहायतापछि नियन्त्रणमा आएको थियो । दमौलीबजारमा रहेको भूपाल हार्डवेयरको गोदामबाट बिहान १० बजे सुरु भएको सो आगलागी अपराह्न २ बजे मात्र नियन्त्रण आएको थियो ।

प्रहरी नायव उपरीक्षक युवराज खड्काका अनुसार आगलागीबाट चार/पाँच घरमा क्षति पुगेको छ । व्यास नगरपालिकाका साथै पोखराबाट आएको दमकल र श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठ आफैं चढेर आएको हेलिकप्टरले आगो निभाउन सहयोग गरेका थिए ।

साँघुरो ठाउँ भएकाले दमकल छिराउन समस्या भएपछि भूपाल हार्डवेयरसँगै रहेको टहरा डोजरले भत्काएर दमकल घटनास्थलसम्म पुऱ्याइएको थियो भने सिम्रिक एयरको हेलिकप्टरले मादी नदीबाट पानी ओसार्दै आगो निभाउन सहयोग पुऱ्याएको थियो । हेलिकप्टरकै कारण आगलागी छिटो नियन्त्रणमा लिन सकिएको बताइएको छ ।

आगलागी नियन्त्रणका लागि चापाघाटस्थित कालीभञ्जन गण (इ), नेपाल प्रहरी, सशस्त्र प्रहरी र स्थानीयवासीले संयुक्त प्रयास गरेका थिए । आगलागी धनमालको व्यापक क्षति भए पनि मानिसहरु भने सुरक्षित रहेको प्रहरीले जानकारी दिएको छ ।

गो.द.का. द.नं.: ४५/०६३/६४ का.जि.प्र.का. द.नं.: ८९-०५२/५३



## माओवादी...

प्रणालीलाई विस्तार गर्ने हो' नेता श्रेष्ठको भनाइ थियो । एमसीसीको उदेश्य गम्भीर प्रकृतिको रहेको औंल्याउँदै नेता श्रेष्ठले अमेरिकाले एमसीसीका नाममा दिने बजेट स्वीकार्नेले आफ्नो प्रणाली स्वीकार गर्नुपर्ने शर्त नै रहेको भन्दै उनले अमेरिकी साम्राज्य विस्तार गर्ने योजना अनुसार नै एमसीसी आएकोमा दुईमत हुनै नसक्ने स्पष्ट पारे । अमेरिकी स्वार्थप्रेरित बुँदागत रूपमा व्याख्या गर्दै उनले नेपालको सन्दर्भमा एमसीसी कम्युनिस्ट सिध्याउने योजनाअनुसार आएको पनि बताए । 'नेपालको सन्दर्भमा यो के हो भने कम्युनिस्ट सिध्याउने, पुँजीवादलाई सुदृढ गर्ने र आफ्नो राष्ट्रिय सुरक्षा स्वार्थ पुरा गर्न रणनीतिका रूपमा उपयोग गर्ने ठोस योजना हो', श्रेष्ठले भने । नेता श्रेष्ठले पार्टी समेत अमेरिकी साम्राज्यवादको चंगुलमा फसेको बताए ।

बैठकबीच अध्यक्ष प्रचण्डले एमसीसी व्याख्यात्मक घोषणासहित पारित गरिएकाले यसमा कुनै राष्ट्रघात नभएको भन्दै नेताहरूलाई आश्वस्त पार्ने प्रयास गरेका थिए ।

केन्द्रीय समितिको सोही बैठकले पार्टीभित्र एमसीसी सम्झौता पारित गरेको विषयलाई लिएर जारी विवादको असर कार्यकर्तामा नपरोस भनेर अपिल पनि सार्वजनिक गर्ने निर्णय गरेको समेत गरेको छ ।

काठमाडौँमा सोमबार सकिएको माओवादी केन्द्रका केसको बैठकले एमसीसीबारे बाहिर समान धारणा राख्ने र पार्टी कमिटीमा फरक धारणा लिएर छलफल गर्ने निर्णय गरिएको एक केन्द्रीय सदस्यले जानकारी दिए । 'एमसीसीबारे पार्टी केन्द्रले अपील निकाल्ने निर्णय गरेको छ । एमसीसीबारे २०७९ जेठ २० गते बोलाइएको केन्द्रीय समिति बैठकमा छलफल गर्ने निर्णय पनि भएको छ' ती केन्द्रीय सदस्यले भने । पार्टीभित्रका मतभेदालाई आन्तरिक रूपमा छलफल गरी समाधानको बाटोमा जाने निर्णय लिँदै पार्टीलाई एकताबद्ध बनाएर लैजाने निर्णय गरिएको माओवादी स्रोतले जानकारी दिएको छ । केसको सोही बैठकबाट माओवादी केन्द्रले स्थानीय तह निर्वाचन लक्षित कार्यक्रम तय गर्ने भएको छ ।

## राजनीतिक...

मात्र नभई विश्वभर चर्चा र प्रशंसाका विषय बनेको अध्यक्ष दाहालले उल्लेख गरे । नारी दिवसका अवसरमा अध्यक्ष दाहालले स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण मुक्तिकामी महिलाहरूमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य र दीर्घायु सहित उत्तरोत्तर प्रगतिको कामना शुभकामना सन्देश उल्लेख गरिएको छ । वर्तमान संविधानले महिलाहरूलाई धेरै हदसम्म अधिकार सम्पन्न बनाएको पनि उल्लेख गर्दै अध्यक्ष दाहालले २१ औं शताब्दीमा पनि महिलामाथि हुने सबैप्रकारका हिंसा र उत्पीडनलाई निर्मूल गरी समानता र न्यायका लागि संवैधानिक, कानूनी र व्यवहारिक रूपमा प्राप्त अधिकारको पूर्ण कार्यान्वयन तथा थप अधिकारका लागि संघर्षरत रहन अपिल गरेका छन् ।

अन्तराष्ट्रिय श्रमिक महिला दिवसकै अवसमार सभामुख अग्निप्रसाद सापकोटाले नेपाली महिलाले इतिहासदेखि वर्तमानसम्म खेलेको भूमिका प्रशंसनीय रहेको चर्चा गर्दै राजनीतिक, सामाजिक, आर्थिक एवं सांस्कृतिक उपलब्धिका लागि नेपाली महिलाको योगदान स्मरणीय रहेको बताएका छन् ।

सोही बलिदानको जगमा नयाँ संविधानमा सबै खाले लैगिक विभेद अन्त्यको दस्तावेजीकरण सम्भव भएको उल्लेख गर्दै सभामुख सापकोटाले राज्यका हरेक निकायमा समानुपातिक, समावेशी र समतामूलक सहभागिता सुनिश्चित भएको समेत बताए ।

उनले महिला दिवसको ऐतिहासिक महत्वलाई स्मरण गर्दै यस दिनलाई समानता, अधिकार र महिला हिंसाविरुद्धको अभियानका रूपमा मनाइरहँदा प्राप्त अधिकारहरू कार्यान्वयनको प्रत्याभूति एवं विभेद अन्त्यका लागि जुट्न प्रेरणा मिलोस् भन्ने कामना समेत गरेका छन् ।

## नेकपा...

भएको न्याय क्षेत्र अझै पनि सुधारको पर्खाइमा नै छ । समाजमा विद्यमान वर्गीय, जातीय, धार्मिक, सांस्कृतिक आदि प्रकृतिका असमानता, विभेद, अन्धविश्वास र रुढिवादी संस्कार एवं संस्कृतिजस्ता विकृति र विसंगतिको अन्त्यका लागि गर्नुपर्ने सामाजिक रूपान्तरणका काम केही पनि भएका छैनन् । मुलुक यतिबेला राजनीतिक रूपले मूलतः दुई धार विभाजित छ । एउटा व्यक्तिवादी स्वेच्छाचारी, अलोकतान्त्रिक र असहिष्णु प्रवृत्ति बोकेको दक्षिणपन्थी अवसरवादी धार र अर्को संविधानको पूर्ण कार्यान्वयन गर्दै त्यसले निर्देश गरे अनुरूप मुलुकलाई समाजवादको दिशामा अगाडि बढाउन चाहने वाम लोकतन्त्रिक धार । अघिल्लो प्रवृत्तिको मूल बाहक केपी ओली हुन् भने वाम लोकतान्त्रिक धारका अगुवा पाँच दलीय गठबन्धनमा रहेका राजनीतिक दलहरू हुन् । वर्तमान वाम लोकतान्त्रिक गठबन्धनमा रहेका राजनैतिक दलहरूको वर्गाधार र वर्ग चरित्र फरक-फरक भए तापनि संविधानको पूर्ण कार्यान्वयन, लोकतन्त्रको रक्षा र मुलुकमा राजनीतिक स्थिरता कायम गर्ने सवालमा सहमत भएर यिनीहरूले गठबन्धनमा रही सहकार्य गरिरहेका छन् । यस गठबन्धन र सहकार्यलाई कम्तिमा पनि आगामी स्थानीय तहको निर्वाचनसम्म मात्र होइन प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनसम्म पनि कायम राख्नुपर्ने आवश्यकता छ । संविधान निर्माणमा सहकार्य गरेका राजनैतिक दलहरूले संविधानको पूर्ण कार्यान्वयनमा पनि सहकार्य गर्नुपर्दछ भन्ने हाम्रो मान्यता रहेको छ । हामी अहिले संघीय तथा प्रदेश सरकार जागरण अभियानरूमा सामेल छौं र त्यहाँबाट देश र जनताको सेवा गर्ने प्रयास गरिरहेका छौं । हामी राष्ट्रियता, जनवाद, जनजीविका, सामाजिक न्याय, समानता र समाजवादको पक्षमा दृढतापूर्वक उभिएका छौं र उभिने छौं । हामी भ्रष्टाचार, अनियमितता, ढिलासुस्ती, अपारदर्शीता र अल्पदृष्टिको सख्त विरोधी छौं र नियमितता, सुशासन, शान्ति सुव्यवस्था, चुस्तदुरुस्तता, पारदर्शीता र दुरदृष्टि आदिप्रति पूर्ण प्रतिबद्ध छौं । यी मान्यताहरूलाई व्यवहारमा उतार्न हामी पूर्ण इमानदारिताका साथ लागिपर्ने छौं ।

७. तात्कालिक कार्ययोजना पार्टीका हरेक कार्ययोजनाहरू पार्टीले तत्काल अंगालेको कार्यदिशा र कार्यनीतिको सेवा गर्ने खालका हुन पर्दछ । हरेक कार्ययोजनाले तात्कालिक कार्यनीतिक लक्ष्य प्राप्तिमा सहयोग पुऱ्याउनु पर्दछ । अहिले पार्टीले समाजवादी कार्यदिशा अंगालेको छ र तात्कालिक कार्यनीतिक कार्यभार पनि तय गरेको छ । यस केन्द्रीय कमिटीको प्रथम बैठकबाट पारित राजनीतिक प्रस्तावमा 'दलाल नोकरशाही पुँजीवादी शोषण दमन र उत्पीडन तथा साम्राज्यवादी हस्तक्षेपका विरुद्ध सङ्घर्ष गर्दै स्वाधिन राष्ट्रिय अर्थतन्त्रको जगमा अडिएको समृद्ध नेपाल निर्माणको अभियान सञ्चालन गर्न र सामन्तवादको अवशेषका रूपमा रहेका आर्थिक शोषण, कुरीति, अन्धविश्वास र रुढीवादको समूल अन्त्यका निम्ति आधिक-सामाजिक-सांस्कृतिक रूपान्तरण अभियान सञ्चालन गर्नु नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी) का तात्कालिक मुख्य कार्यभार हुन्' भनिएको छ । पार्टीका तात्कालिक कार्यभारका रूपमा उल्लिखित यी कार्यहरू पूरा गर्न नै आजका हाम्रा तात्कालिक कार्यनीतिक लक्ष्य हुन् । तात्कालिक कार्ययोजना तात्कालिक कार्यनीतिक लक्ष्य प्राप्तिका निम्ति गरिने कामको योजना हो । त्यसैले तात्कालिक कार्ययोजना तात्कालीक ठोस राजनीतिक परिस्थिति अनुरूपको हुन्छ, हुनुपर्दछ । आजको ठोस राजनीतिक परिस्थिति आगामी पैशाख ३० गते हुन गैरहेको स्थानीय तहको निर्वाचनतर्फ यहाँका राजनीतिक शक्तिहरू उन्मुख छन् र मुलुक नै त्यसतर्फ उन्मुख भएको छ भन्ने हो । यस निर्वाचनमा एकातर्फ प्रतिगमनकारी एवं अलोकतान्त्रिक शक्तिहरू हुने छन् भने अर्कोतर्फ लोकतन्त्र र अग्रगमनका पक्षधर शक्तिहरू हुनेछन् । यतिबेला हाम्रा सामु आगामी निवाचनका दौरान आफ्ना विचार र योजनाहरू लिएर जनतामाझ जाने र उनीहरूको मत लिएर जनसमर्थन प्राप्त सुदृढ राजनीतिक शक्तिको रूपमा आफुलाई स्थापित गर्नुपर्ने चुनौति खडा छ । आजको ठोस परिस्थिति यही हो । यस ठोस परिस्थितिमा हामीले निम्न कार्यहरू द्रुत गतिमा अगाडि बढाएर आगामी निर्वाचनका लागि पूर्ण तयारी गर्ने कार्ययोजना तय गर्नु पर्दछ ।

७.१. पार्टी कमिटीको पूर्णता र विस्तार : स्थानीय तहको निर्वाचन गाउँ तथा नगरपालिका र तिनका वडाहरूमा हुन्छ । जहाँ निर्वाचन हुने हो त्यहाँ पार्टी कमिटी भएन भने निर्वाचनमा प्रतिस्पर्धा गर्ने आधार नै हुँदैन । हामीले सबै वडामा त के सबै पालिकामा समेत पार्टी कमिटी निर्माण गरिसकेका छैनौं । कतिपय कमिटीहरूलाई यहाँसम्म कि प्रदेश कमिटीहरूलाई समेत पूर्णता दिएका छैनौं । यस्तो स्थिति अब रहिरहनु हुँदैन । गठन भैसकेका कमिटीहरूलाई यथाशीघ्र पूर्णता दिने र आगामी चैत १५ गतेभित्र सम्पूर्ण पालिका र वडाहरूमा पार्टी कमिटी गठन गरिसक्ने गरी जानु पर्दछ ।

७.२. जनसङ्गठनहरूको विस्तार : पार्टी कमिटी मात्र होइन पार्टी सम्बद्ध जन सङ्गठनका कमिटीहरू पनि स्थानीय तहसम्म पुऱ्याउनु पर्दछ । कमसे कम पनि किसान, महिला र युवा सङ्घलाई वडा तहसम्म पुऱ्याउनु पर्दछ, विद्यार्थी सङ्गठनलाई मावि तहसम्म पुऱ्याउनु पर्दछ, ट्रेड युनियनलाई । प्रतिष्ठान तहसम्म पुगाउनु पर्दछ, पेशागत सङ्गठनलाई सम्बन्धित पेशाको तल्लो तहसम्म पुऱ्याउनु पर्दछ र सामुदायिक सङ्गठनलाई सम्बन्धित समुदायका आधारभूत जनताको तहसम्म पुऱ्याउनु पर्दछ । यो काम पनि आगामी चैत १५ भित्रमा नै गरिसक्नु पर्दछ ।

७.३. पार्टी प्रवेश अभियान : विभिन्न पार्टी परित्याग गरी हाम्रो पार्टीमा प्रवेश गर्ने लहर चलेकै छ । पार्टी प्रवेश गर्ने गराउने कार्यलाई अझै व्यवस्थित र प्रभावकारी ढंगले अभियानको रूपमा अगाडि बढाउनु पर्दछ । सबै कमिटीहरूले यसमा विशेष ध्यान दिएर पहल गर्नु पर्दछ ।

७.४. जनपरिचालन : सङ्गठन निर्माणका साथसाथै जन परिचालनका कामहरू पनि गर्न आवश्यक छ । स्थानीय तहमा जन चासो र सरोकारका विषयहरूलाई लिएर विभिन्न प्रकारका भेला, बैठक, गोष्ठि, अन्तरक्रिया, सेमिनार, सभा आदि गर्न सकिन्छ, गर्नु पर्दछ ।

७.५. प्रशिक्षण अभियान : विचार पार्टी निर्माणको मूल आधार हो । त्यसैले विचार पार्टीको आत्मा हो । पार्टी विचारबिनाको भयो वा विचारशून्य भयो भने त्यसको चरित्र नै समाप्त हुन्छ । पार्टीले अंगालेको विचार आम पार्टी पङ्क्तिमा स्थापित गर्न सकिएन भने पार्टीमा वैचारिक एक रूपता नै हुँदैन । पार्टी पङ्क्तिमा विचार प्रवाह गर्ने विभिन्न प्रकारका प्रशिक्षणद्वारा नै हो । त्यसैले पार्टीका आम सिद्धान्त, नीति, विचार र समसामयिक विषयमा प्रकाश पार्ने गरी विभिन्न प्रकारका प्रशिक्षण अभियान चलाइरहनु पर्दछ ।

७.६. प्रचारात्मक कामः प्रचारबिना राजनीतिक र साङ्गठनिक काम कहिल्यै पनि अगाडि जाँदैन । त्यसैले प्रचारको ठूलो महत्व छ । तर, यस महत्वपूर्ण कामलाई हामीले व्यवस्थित रूपमा अगाडि बढाउन सकेकै छैनौं । अब यस्तो स्थितिको तरुले जान अब यस्तो स्थितिका तुरुन्तै अन्त्य हुनु पर्दछ । केन्द्रीय तहमा को वेभसाइट एवं न्युज पोटल तुरुन्तै चाल गर्न पर्दछ र प्रचारका अन्य प्रभावकारी योजना कार्यान्वयन गर्नु पर्दछ । प्रदेश तथा स्थानीय कमिटीहरूले पनि प्रचारको ठोस योजना बनाएर कार्यान्वयन गर्नु पर्दछ । सबै पार्टी कमिटीले पार्टीको चनाव चिनको प्रचार व्यापक रूपमा गर्ने कुरामा जोडका साथ लाग्नु पर्दछ । आर्थिक सङ्कलन : आर्थिक श्रोत पार्टी निर्माणको एक महत्वपूर्ण आधार भएकाले आर्थिक सडकलन कार्य पनि पाटी कामको एउटा मुख्य पक्ष हो । यस काममा ध्यान दिएन भने पार्टी निर्माण र विस्तार अभियान अगाडि बढ्न नै सक्तैन । त्यसैले पार्टी र जनसंगठनका हरेक कमिटीले आर्थिक सङ्कलन योजना बनाएर कार्यान्वयन गर्न पर्दछ । निर्वाचनको बेला निर्वाचन परिचालनका लागि विशेष आर्थिक कोष निर्माण गर्ने योजना बनाएर कार्यान्वयन गर्न पर्दछ ।

७.८. अभिलेख व्यवस्थापनः अभिलेख व्यवस्थित गर्ने कार्य पार्टी निर्माण र परिचालनको अर्को एक महत्वपूर्ण पक्ष हो । पार्टी निर्माण र परिचालन त गर्ने तर अभिलेख व्यवस्थित नगर्ने हो भने गरिएका कामको कुनै लेखाजोखा नै हुँदैन । अभिलेख व्यवस्थित भएन भने आफ्नो शक्तिको आँकलन नै गर्न सकिँदैन । शक्ति आँकलनबिना कुनै पनि प्रभावकारी अभियान सञ्चालन गर्न सकिँदैन । हाम्रो अभिलेख प्रणाली व्यवस्थित हुन सकेको छैन । प्रदेश तथा स्थानीय कमिटीहरूबाट केन्द्रमा आउनु पर्ने कार्य प्रगति प्रतिवेदनहरू नियमित रूपमा नआएकाले केन्द्रीय अभिलेख नै पनि व्यवस्थित गर्न सकिएको छैन । यस्तो अवस्थाको तुरुन्तै अन्त्य गर्नु पर्दछ । हरेक कमिटीले आफ्नो तहको अभिलेख व्यवस्थित गर्ने र माथिल्लो तहमा पठाउने काम नियमित रूपमा गर्नु पर्दछ । त्यसैगरी पार्टी कार्यालयहरूलाई व्यवस्थित गर्ने कार्य पनि गर्न जरुरी छ ।

७.९. निर्वाचनको तयारीः आगामी निर्वाचनको तयारी यतिबेलाको हाम्रो मुख्य काम हो । निर्वाचन तयारीका सन्दर्भमा गर्नपर्ने प्रमुख काम हुन् । निर्वाचन घोषणा पत्रको लेखन, निर्वाचन निर्देशिकाको निर्माण, उम्मेदवारका मापदण्डको निर्धारण र उम्मेदवार छनोट प्रक्रयाको निर्धारण तथा निर्वाचन परिचालन तथा सहयोग समितिको गठन । यी सब काम सम्पन्न गर्न पार्टी पङ्क्ति केन्द्रित भएर लाग्नु पर्दछ ।

८. निर्वाचनको तयारीमा जुटौं निर्वाचन पार्टीका निम्ति जनतामाझ जाने र उनीहरूको मन जित्ले एउटा महत्वपूर्ण अवसर हो । हरेक पार्टीले यस अवसरलाई अधिकतम रूपमा उपयोग गर्न चाहनु स्वाभाविक हो । आगामी बैशाख ३० गते एकै चरणमा हुन गैरहेको स्थानीय तहको निर्वाचनलाई हामीले त्यसै रूपमा उपयोग गर्नु पर्दछ । यो निर्वाचन हाम्रो पार्टी जीवनका लागि एउटा महत्वपूर्ण परिघटना हो । यसमा हामीले प्राप्त गर्ने सफलताले एकातर्फ हाम्रो राजनैतिक हैसियत निर्धारण गर्नेछ भने अर्कोतर्फ हाम्रो भावी राजनीतिक यात्राको आधार पनि निर्माण गर्नेछ । त्यसैले आफ्नो सम्पूर्ण शक्तिका साथ यस निर्वाचनको तयारीमा लाग्नु आजको हाम्रो केन्द्रीय कार्य हो । यस केन्द्रीय कार्यमा पार्टी र जनसङ्गठनका सबै कमिटी तथा पार्टी सम्बद्ध सबैलाई सम्पूर्ण रूपले परिचालित गरौं । पार्टी केन्द्रीय कमिटीका सदस्यहरू, केन्द्रीय आप सदस्यहरू केन्द्रीय सल्लाहकार परिषद र ज्येष्ठ कम्युनिष्ट मञ्चका सदस्यहरू, कन्द्राय पारषद्का सदस्यहरू र जनवर्गीय सङ्गठनका केन्द्रीय पदाधिकारी एवं सदस्यहरू सदस्यहरू समेत एउटा निश्चित निर्वाचनमा केन्द्रित भएर काम गरौं । सम्पूर्ण शक्तिका साथ आगामी स्थानीय निर्वाचनको तयारीमा जुटौं । प्रिय कमरेडहरू, आज हामी इतिहासको एउटा विशिष्ट मोडमा आइपुगेका छौं । मुलुकको स्वतन्त्रता र स्वामिमा लोकतन्त्रका रक्षा र विकास, नेपाली क्रान्तिका उपलब्धीहरूको रक्षा र थप विकास एवं विस्तार गर्ने जस्ता गहन जिम्मेवारीहरू हाम्रो काँधमा आएका छन् । पार्टीलाई नयाँ ढङ्गले पुनर्गठन एवं रूपान्तरण गरेर नेपाली कम्युनिस्ट आन्दोलनलाई विसर्जनको दिशामा जानबाट रोक्ने र समाजवादी क्रान्तिका कार्यदिशालाई सशक्त ढङ्गले अगाडि बढाउने दायित्व पनि हाम्रै काँधमा छ । यी गहन दायित्व र जिम्मेवारीहरूलाई कुशलतापूर्वक बहन गर्न हामीले सुव्यवस्थित रूपमा कृयाशील हुनुपर्दछ । हामीले पहिलेदेखि नै भन्दै आएको व्यक्तिवादी अहङ्कारवाद, निरङ्कुश एवम् स्वेच्छाचारी प्रवृत्ति, चरम गुटबन्दी, दक्षिणपन्थी अवसरवाद र विसर्जनवादका विरुद्ध तिखो वैचारिक सङ्घर्ष सञ्चालन गरेर मात्र उपयुक्त दायित्व र जिम्मेवारीहरू पूरागर्न सक्ने छौं ।

त्यसैले आउनोस्, हातमा हात र काँधमा काँध मिलाएर उपर्युक्त गहन दायित्व र जिम्मेवारी बहन गर्न सङ्कल्पबद्ध भएर अगाडि बढौं । समाजवादको झण्डा माथि उठाउने र कम्युनिष्ट आन्दोलनको रक्षा, विकास र एकताको अभियानलाई अगाडि बढाउने । अभियानमा जुटौं, सफलता सङ्गठित शक्ति निर्माण र कार्यकर्ताको सक्रियता तथा गतिशीलतामा निर्भर गर्दछ । हामी दृढ निश्चयी भएर गतिशीलताका साथ अगाडि बढ्यौं भने हाम्रो सफलता सुनिश्चित छ । क्रान्तिकारी अभिवादन सहित धन्यवाद ! २०७८/११/२३

माधवकुमार नेपाल, अध्यक्ष


**लैङ्गिक समानता बोलेर वा लेखेर मात्र प्राप्त हुँदैन । परिणाम प्राप्तिका लागि प्रत्येक व्यक्तिले व्यावहारिक सुरुवात आफैंबाट गर्नुपर्दछ । परिवर्तनको प्रारम्भ आफ्नै घरबाट गरौ ।**

नेपाल सरकार

**विज्ञापन बोर्ड**


प्रकाशकः कोसेली मिडिया सपोर्ट प्रा.लि. सम्पादक : सानु राय (गौतम) [९८४९६००२०९] बजार व्यवस्थापक : माधवप्रसाद न्यौपाने [९८४६५२८५०२]
कार्यालय : जोरपाटी, काठमाडौं फोन : ९८४७३९५३८६ इमेल : janajibro.news@gmail.com वेबसाइट : www.janajibro.com मुद्रण : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं